
# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक
## कक्षा-४



भोजपुर नगरपालिका, भोजपुर

हाम्रो भोजपुर नगरपालिका

asim design




भोजपुर नगरपालिका, भोजपुर

# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा ४

| | |
|---|---|
| विद्यार्थीको नाम | : ................................................... |
| रोल नं. | : .................................................. |
| विद्यालयको नाम | : ..................................................... |

भोजपुर नगरपालिका

भोजपुर

**प्रकाशक** : भोजपुर नगरपालिका, भोजपुर
**सर्वाधिकार** : प्रकाशकमा
**संस्करण** : प्रथम, २०८१
**पेज लेआउट** : दुर्गाप्रसाद बराल
**कभर डिजाइन** : अर्जुन राई

**संरक्षक**
कैलाशकुमार आले
नगर प्रमुख
निर्मला शेर्पा
उपप्रमुख

**सल्लाहकार**
रामप्रसाद ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत
पदमबहादुर प्रधान
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

**लेखक**
लालकुमार तामाङ
विष्णुकुमार राई
दुर्गाप्रसाद बराल
लक्ष्मण जोशी
रक्तम राई

**भाषा सम्पादन**
विष्णुकुमार राई
रक्तम राई

## हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै भोजपुर नगरपालिकाले वि.स. २०७८ सालमा यस नगरपालिकाका सबै विद्यालयमा लागू हुनेगरी कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण गरिसकेको छ । सो पाठ्यक्रम लागू भएको छ । शिक्षण सिकाइका लागि पाठ्यक्रम नै मूल आधार भए पनि पाठ्यपुस्तकको निर्माण गर्दा थप प्रभावकारी र विद्यार्थीका लागि सजिलो हुने भन्ने अपेक्षा सबैबाट आएकाले नगरपालिकाद्वारा **हाम्रो भोजपुर नगरपालिका स्थानीय पाठ्यपुस्तक कक्षा ४** नामक यो पाठ्यपुस्तक तयार पारिएको छ ।

व्यक्ति, समाज र देशको माग, चाहना र आवश्यकताको आधारमा पाठ्यक्रममा स्थानीय, राष्ट्रिय र विश्वव्यापी विषयवस्तुलाई प्राथमिकता दिइएको हुन्छ । विद्यार्थीमा सक्षमता विकास गर्न, असल व्यवहार कायम गर्न तथा जीवनोपयोगी सिप प्रदान गर्नका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू सिकारुमैत्री, व्यवहारोपयोगी र स्तरीय हुनुपर्दछ ।

नेपालमा संघीय लोकतन्त्रको स्थापनापछि शैक्षिक विकेन्द्रीकरणको अवधारणालाई आत्मसात गर्दै स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकासको अवधारणालाई सम्बोधन गर्न तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मूल मर्म अनुरूप भोजपुर नगरपालिकाले विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १–८) का लागि स्थानीय पाठयक्रम **हाम्रो भोजपुर नगरपालिका** शीर्षकमा निर्माण गरेको छ । यस स्थानीय पाठ्यक्रममा भोजपुर नगरपालिकाको आफ्नै मौलिक स्थानीय आवश्यकता र विषयवस्तुलाई समेटेर साच्चिकै वस्तुनिष्ठ स्थानीय पाठ्यक्रमको निर्माण गरेको हो । यसका लागि नगरपलिकाले स्थानीय विज्ञ तथा स्थानीय जनशक्तिको ज्ञानसिपलाई उपयोग गरेको छ । स्थानीय पाठ्यक्रममा स्थानीय भौगालिक परिचय, ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा, जातजाति, भाषाभाषी तथा चाडपर्व, आर्थिक क्रियाकलाप र स्थानीय पेसा, व्यवसाय तथा रैथाने प्रविधि, स्थानीय तहको संरचना र विशिष्ट व्यक्तित्व, स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि, बिपद् रोकथाम तथा व्यवस्थापन र स्थानीय नैतिक मूल्य मान्यता जस्ता विषयवस्तुलाई समेटेर कक्षा १-५ मा जम्मा आठ ओटा थिम रहेका छन् । उक्त पाठ्यक्रममा निर्धारण गरिएका तहगत सक्षमता, कक्षागत सिकाइउपलब्धि तथा थिमगत सिकाइउपलब्धिलाई आधारमानी सो उद्देश्य पूरा गर्ने उद्देश्यले तोकिएका थिमगत विभिन्न पाठहरू निर्माण गरी विद्यार्थीको सक्षमता विकास गर्ने उद्देश्यले यो पाठ्यपुस्तक तयार पारिएको छ ।

प्रस्तुत पाठ्यपुस्तकमा थिमअनुसार विभिन्न पाठहरू निर्माण गरिएका छन् । थिम पेजमा सान्दर्भिक छलफल तथा थिमगत सिकाइउपलब्धि उल्लेख गरिएको छ । बालबालिकाको स्तरअनुसार रुचिपूर्ण होस् भनी चित्रात्मक प्रस्तुति, अभ्यासमा विविधता तथा क्रियाकलापमुखी पाठ निर्माण गरिएको छ । पाठ्यपुस्तकमा केही बाल स्केच तथा तस्बिरबाहेक प्रायः ठाउँका सबै फोटाहरू, विषय र सन्दर्भहरू, स्थान र विषयवस्तुहरू स्थानीयतामा आधारित छनोट गर्ने प्रयास भएको छ । पाठ्यपुस्तकका विषयवस्तु छनोट र स्तरणलाई पनि सकेसम्म ख्याल गर्ने प्रयास गरिएको छ । पाठ्यपुस्तक प्रयोगकर्ताले पाठसँग सान्दर्भिक विद्यार्थीका आफ्नै दैनिक जीवनसापेक्ष कक्षा क्रियाकलाप, अभ्यास र परियोजना कार्यहरू अनिवार्य गराएर तोकिएका सक्षमता हासिल गराउनु वाञ्छनीय हुने छ । मिहिनेतसाथ आफ्नो ज्ञान, सिप र दक्षता प्रयोग गर्दै पुस्तकका लागि आवश्यक पर्ने सामग्री आफैँ सम्बन्धित क्षेत्रमा पुगेर सङ्कलन गर्दै पाठ्यपुस्तक निर्माण तथा लेखन गर्ने लेखन समूहलाई विशेष धन्यवाद छ । पाठ्यपुस्तक निर्माणका क्रममा प्रयोग गरिएका र सहयोग लिइएका सूचना, तथ्याङ्क, स्रोत, सुझाव, तस्विर आदिका सर्जक तथा विभिन्न क्षेत्रका महानुभावहरूलाई पनि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छौँ । यो पाठ्यपुस्तकलाई आवश्यकताका आधारमा समयानुकूल परिमार्जन गर्दै लगिने छ ।

वि.सं. २०८१ भोजपुर नगरपालिका, भोजपुर

## विषय सूची


एकाइ १ : भौगोलिक परिचय........ १

**पाठ १ : हाम्रा वडाका सिमाना ........ २**

**पाठ २ : स्थानीय सम्पदा........ ७**

एकाइ २ : ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय सम्पदा ........ १५

**पाठ १ : बाल दिवस........ १६**

**पाठ २ : हाम्रो स्थानीय ठाउँ........ १९**

**पाठ ३ : पालिकाभित्रका धार्मिक सम्पदा ........ २२**

**पाठ ४ : साँस्कृतिक सम्पदा ........ २५**

**पाठ ५ : हाम्रा स्थानीय पर्यटकीय स्थल........ ३०**

एकाइ ३ : जातजाति, भाषाभाषी र चाडपर्व........ ३४

**पाठ १ : साथीलाई चिठी ........ ३५**

**पाठ २ : हाम्रा भाषा र सञ्चार ........ ४०**

**पाठ ३ : धान नाच, च्याब्रुङ नाच र तमुल्होसार........ ४६**

एकाइ ४: आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय र प्रविधि........ ५१

**पाठ १ : सम्मान हाम्रा पेसालाई........ ५२**

**पाठ २ : हाम्रा पुराना सिपहरू........ ५४**

**पाठ ३ : चँदारो ........ ५८**

**पाठ ४ : वीरतामा चिनिएको खुकुरी ........ ६०**

एकाइ ५ : स्थानीय संरचना र विशिष्ट व्यक्तित्व ........ ६६

**पाठ १ : स्थानीय तहको चिनारी ........ ६७**

**पाठ २ : जनप्रतिनिधि ........ ७०**

**पाठ ३ : हाम्रा स्थानीय समाजसेवी........ ७४**

एकाइ ६ : स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि ........ ७७

**पाठ १ : पूर्वाधार विकासको महत्त्व........ ७८**

**पाठ २ : विकासका लागि जनशक्ति ........ ८३**

**पाठ ३ : आपतबिपद्मा फोन गरौँ........ ८७**

एकाइ ७ : प्रकोप तथा बिपद् व्यवस्थापन ........ ९२

**पाठ १ : बिपद्का कारण, असर र सुरक्षित हुने उपायहरू** .............................. ९३
**पाठ २ : सुरक्षित वासस्थान र सुरक्षित विद्यालय** ....................................... ९७
एकाइ ८ : स्थानीय नैतिक मूल्य मान्यता ................................................ १०२
**पाठ १ : मानव मूल्य र मान्यता** ........................................................ १०३
**पाठ २ : आत्मानुशासन** ................................................................... १०५

# एकाइ १ : भौगोलिक परिचय






**सिकाइ उपलब्धि :** **पाठ्यघण्टा : १०**

- भोजपुर नगरपालिका भित्रका विभिन्न वडाहरूको सिमाना बताउन,
- भोजपुर नगरपालिका भित्रका विभिन्न वडाहरूको भौगोलिक अवस्था (खोलानाला, छाँगा, दह, डाँडाकाँडा, भिर, बाटो, वनजङ्गल) को पहिचान गर्न र नाम बताउन,

# पाठ १ : हाम्रा वडाका सिमाना

## गीत गाऔँ :








आफ्नै आफ्नै सिमाना हुन्छ, सबै वडाको,

पूर्व, पश्चिम, उत्तर, दक्षिण छुट्याइएको ।




सिमाना हुन्छ  खोला अनि, कुनै डाँडापाखा,

कुनै त हुन्छ बुझौँ अर्को पालिका ।

पहिचान खुल्छ, सिमानाले, आफ्नै वडाको,

हेरौँ, चिनौँ, सबैले, सिमाना वडाको ।

सिमाना जान्दा रमाइलो, हामी सबैलाई,

आफ्नो र अरू वडाको, साँध भन्नलाई ॥

## उत्तर भनौँ :

(क) सिमाना छुट्याउँदा कुनकुन दिशा हेर्नुपर्छ ?

(ख) वडाको सिमाना केले छुट्याएको हुन्छ ?

(ग) आफ्नो र अरूको सिमाना जान्दा के हुन्छ ?

## तलको पाठ पढी कक्षा क्रियाकलाप गर्नुहोस् :

स्थानीय विषय पढाउनु हुने शिक्षकले कक्षा ४ मा विद्यार्थीहरूलाई भोजपुर नगरपालिका र जिल्लाको नक्साका सहायताले १२ ओटा वडाहरूको सिमाना फरक फरक रहेको प्रष्ट पार्नुभयो । शिक्षकले विभाजन गर्नुभएको समूहका विद्यार्थीहरूले  भोजपुर जिल्ला र भोजपुर नगरपालिकाको नक्साका सहायताले निम्न टिपोट गरे ।

### समूह : १

पूर्णबहादुर प्रधान र उसका साथीहरू भोजपुर नगरपालिकाको वडा नं. ५ बोखिममा बस्छन् । उनीहरू गाउँकै विद्यालयमा कक्षा ४ मा पढछन् । उनीहरूले विद्यालयमा शिक्षकले पढाउनुभएको आफ्नो र अरू वडाका सिमानाका बारेमा नक्सा हेरेर निम्नानुसार टिपोट गरे र पढे ।

**वडा नं. ५ बोखिमको सिमाना :**

**पूर्व :** वडा नं. ६ पालुवा, वडा नं. ९ काफ्ले र वडा नं. १० भैँसीपङ्खा

**पश्चिम :** वडा नं. ४ सिद्धेश्वर

**उत्तर :** वडा नं. २ हेलौँछा

**दक्षिण :** टेम्केमैयुङ गाउँपालिका वडा नं. ६, कोट

**वडा नं. ७ भोजपुर बजारको सिमाना :**

**पूर्व :** वडा नं. ८, पोखरे

**पश्चिम :** वडा नं. ६, पालुवा

**उत्तर :** वडा नं. ९, काफ्ले

**दक्षिण :** वडा नं. १२, टक्सार बजार

### समूह : २

सनम राई र उसका साथीहरू भोजपुर नगरपालिकाको वडा नं. १, डाँडाबोखिममा बस्छन् । उनीहरू गाउँकै विद्यालयमा कक्षा ४ मा पढ्छन् । उनीहरूले पनि विद्यालयमा शिक्षकले पढाउनु भएको आफ्नो र अरू वडाका सिमानाका बारेमा नक्सा हेरेर निम्नानुसार टिपोट गरे र पढे ।

**वडा नं. १ डाँडाबोखिमको सिमाना :**

**पूर्व :** अरूण गाउँपालिका वडा नं. २, चम्पे

**पश्चिम :** वडा नं. २, हेलौँछा र वडा नं. १०, भैँसीपङ्खा

**उत्तर :** षडानन्द नगरपालिका वडा नं. १४, बोया

**दक्षिण :** पौवादुङ्मा गाउँपालिकाको वडा नं. १, श्यामशिला

**वडा नं. १२ टक्सारको सिमाना :**

**पूर्व :** वडा नं. ११, आम्तेक

**पश्चिम :** वडा नं. ६, पालुवा

**उत्तर :** वडा नं. ७, भोजपुर बजार

**दक्षिण :** रामप्रसादराई गाउँपालिका वडा नं. २, दलगाउँ र वडा नं. ५, मानेभन्ज्याङ

### क्रियाकलाप

१. पाठमा दिएजस्तै तपाईंहरू पनि भोजपुर जिल्ला र नगरपालिकाको नक्साको प्रयोग गरी कक्षाकोठामा पालैपालो आफ्नो वडाको सिमाना देखाउनुहोस् ।

२. समूह विभाजन गरी भोजपुर जिल्ला र नगरपालिकका नक्साका आधारमा पालैपालो नगरपालिकाका १२ ओटै वडाका सिमाना टिपोट गरी देखाउनुहोस् ।

## अभ्यास

### १. नक्साको सहयोग लिई खाली ठाउँ भर्नुहोस् :

(क) भोजपुर नगरपालिका वडा नं. ५ बोखिमको उत्तरमा ........................ पर्दछ ।

(ख) भोजपुर नगरपालिका वडा नं. ११ आम्तेकको पूर्वमा ........................ पर्दछ ।

(ग) भोजपुर नगरपालिका वडा नं. ३ गुप्तेश्वरको पश्चिममा ........................ पर्दछ ।

(घ) भोजपुर नगरपालिका वडा नं. १२ टक्सारको उत्तरमा ........................ पर्दछ ।

(ङ) भोजपुर नगरपालिका वडा नं. २ हेलौँछाको दक्षिणमा ........................ पर्दछ ।

### ३. तालिकामा भर्नुहोस् :

| वडा नं.र ठाउँ | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|
| १ डाँडाबोखिमदेखि | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. सिद्धेश्वरदेखि | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |
| १२. | | | | |

## परियोजना कार्य

१.निम्न तलको नक्सा हेरी खुला हाते विधिको प्रयोग गर्दै भोजपुर नगरपालिकाको नक्सा उतार गरी वडा र सिमाना देखाउनुहोस् ।



# पाठ २ : स्थानीय सम्पदा

**खोला :**



भोजपुर नगरपालिकामा प्रसस्त खोलानाला छन् । भोजपुर नगरपालिकाको वडा नं. १ र २ मा याङ्गुवा, सोऱ्याङ र नाकाम खोला पर्दछन् । याङ्गुवा खोलाको विशेषता धेरै माछा पाइनु पनि हो । यो खोला भोजपुर न.पा.मा भएको दोस्रो ठुलो खोला पनि हो । याङ्गुवा, सोऱ्याङ र नाकाम खोलाबाट सिँचाइ गरिन्छ ।



भोजपुर नगरपालिकाको पश्चिम सिमानामा पिखुवा खोला बग्दछ भने वडा नं. ४ र ५ को बिचमा सेरा खोला बग्दछ । वडा नं. ५ र ६ को बिचमा ओढारे खोला छ । वडा नं. ६ र ७ को बिचमा पचासे खोला बग्दछ भने वडा नं.८ पोखरेको पूर्वमा घट्टे खोला पर्दछ । साथै वडा नं. १० शीरबाट रह साचेम, बिचमा अँधेरी खोला बग्छन् । वडा नं. ११ आम्तेक र १२ टक्सारको बिचमा अखुवा खोला बग्दछ । सबै वडामा धेरै खोल्सा पनि छन् । सबै खोला र खोल्साको पानीलाई सिँचाइ गरी स्थानीय स्तरमा धान, गहुँ ,तरकारी र फलफूल उत्पादन गर्ने गरिन्छ । भोजपुर न.पा. भएर बग्ने सबैभन्दा ठुलो खोला पिखुवा हो । यस खोलाबाट इस्टर्न हाइड्रो पावर र टक्सार पिखुवा खोला हाइड्रो पावर गरी दुई ठाउँमा विद्युत उत्पादन समेत गरिएका छन् ।

**अभ्यास**

### १. ठिक र बेठिक छुट्याउनुहोस् ।

(क) याङ्गुवा, सोऱ्याङ र नाकाम खोला गुप्तेश्वरमा पर्दछन् । (  )

(ख) खोलाको पानी नहर, कुलो आदिबाट खेत र बारीमा सिंचाइ गर्न उपयोग गरिन्छ ।( )

(ग) खोलाको पानीबाट बिजुली निकाल्न सकिन्छ । (  )

(घ) पोखरेको पश्चिममा घट्टे खोला बग्दछ । (  )

## २. तलका प्रश्नको उत्तर दिनुहोस् ।

(क) याङ्गुवा, सोऱ्याङ र नाकाम खोला कहाँ पर्दछन् ?

(ख) भोजपुर नगरपालिकाका दुई ठुला खोलाहरूको नाम लेख्नुहोस् ।

(ग) याङ्गुवा खोलाको कुनै २ ओटा विशेषता लेख्नुहोस् ।

(घ) खोलाको पानी सिँचाइमा प्रयोग गरेपछि हुने कुनै चारओटा फाइदा लेख्नुहोस् ।

(च) तपाईंको वडामा रहेको खोलाहरूलाई कसरी उपयोग गरिएको छ ?

## परियोजना कार्य

.साथीसँग छलफल गरेर खोला प्रदुषित हुने कारण र बचाउने उपाय लेख्नुहोस् ।

| खोला प्रदुषित हुने कारणहरू | समाधानका उपायहरू |
|---|---|
| | |
| | |

**छाँगा :**


गुप्तेश्वरको तिनछाँगे

पानीको प्रवाह झर्ने अग्लो स्थान छाँगा हो । भोजपुर नगरपालिकाभित्र रहेका खोलामा धेरै छाँगा छन् । तीमध्ये मुख्य छाँगाहरू यहाँ उल्लेख गरिएको छ । जस्तै : भोजपुर नगरपालिका वडा नं. २ मा ओखरबोटे , वडा न. ३ गुप्तश्वरमा पर्ने तिनछाँगे र सेरा खोलामा महभिरलगायत अन्य छाँगाहरू रहेका छन् ।

**दह :**



कुनै पनि बगिरहेको खोलामा पानी धेरै जमेको हुनु दह हो । सबै खोलामा दह हुन्छन् र नामाकरण पनि गरिएको हुन्छ । भोजपुर नगरपालिकाका

खोलामा भएका प्रख्यात दहहरूमा पिखुवा खोलाको लामो दह, भोजपुर नगरपालिका वडा नं. ११ र १२ को बिचमा पर्ने अखुवा खोलाको नाग दह आदि छन् ।

### ३. तलको प्रश्नको उत्तर दिनुहोस् ।

(क) छाँगा र दह बीचको एउटा फरक लेख्नुहोस् ।

| छाँगा | दह |
|---|---|
| १. | १. |
| २. | २. |

### परियोजना कार्य :

अभिभावकलाई सोधेर तपाईंको ठाउँमा पर्ने छाँगा र दहको नाम लेखेर ल्याउनुहोस् ।

**डाँडाकाँडा :**



वरिपरि रहेका जमिनहरू मध्ये अग्लो स्थललाई डाँडा भनिन्छ । पहाडी क्षेत्रको मुख्य विशेषता धेरै डाँडाकाँडा हुनु हो । भोजपुर नगरपालिकाका सबै वडामा डाँडाकाँडा छन् । ती डाँडाकाँडाका नाम स्थानअनुसार फरक फरक रहेका छन् । डाँडाकाँडाले पनि प्राकृतिक सौन्दर्यलाई मजबुत बनाएको हुन्छ ।

दिपक श्रेष्ठ भोजपुर नगरपालिका वडा नं. ९ पानीटयाङ्की टोलमा बस्छ । उसको घर नजिक कैलासडाँडा रहेको छ । यो डाँडा भोजपुर बजारको दृश्यावलोकन गर्ने मुख्य स्थान हो । यहाँबाट मानिसहरू भोजपुर बजारलगायत अन्य प्राकृतिक मनोरम दृश्य अवलोकन गर्नका लागि आउने गर्दछन् ।

**भिर :**



वरिपरि रहेका जमिनहरू मध्ये निकै अप्ठ्यारो र भिरालो चट्टानयुक्त स्थललाई भिर भनिन्छ । भिर पनि भू–बनावटको महत्त्वपूर्ण क्षेत्र हो । भोजपुर नगरपालिकाका सबै वडाका बस्ती नजिक साथै खोलाको आसपासमा साना ठूला भिरहरू रहेका छन् । भोजपुर नगरपालिका वडा नं. १ शिरमा रहेको छिन्तालुङ भिर, बोखिमको महभिर, भैंसीपङ्खाको सेभ्रेङ भिर, गजुरमुखी (हुचिले) भिर लगायत अन्य भिरहरू छन् ।

## ४. तलको प्रश्नको उत्तर दिनुहोस् ।

(क) डाँडाबाट दृश्यावलोकन गर्न सजिलो हुन्छ, किन ? एउटा कारण दिनुहोस् ।

(ख) भोजपुर नगरपालिकाभित्र रहेका कुनै २ ओटा भिरको नाम लेख्नुहोस् ।

## परियोजना कार्य :

अभिभावकलाई सोधेर तपाईंको ठाउँमा पर्ने डाँडा र भिरको नाम लेखेर ल्याउनुहोस् ।

**वनजङ्गल :**



विभिन्न प्रजातिका वनस्पति भएका क्षेत्र वनजङ्गल हो । भोजपुर नगरपालिकाका सबै वडामा विभिन्न प्रजातिका वनस्पतिहरू पाइन्छन् । ती वनस्पतिहरू लेकाली गोब्रे सल्ला, ढयाङ्ग्रे सल्ला, रातो पात्ले, गुराँस, उत्तिस, पैंयु, चिलाउने, बाँस, साल, खयरलगायत चिराइतो, पाखनवेद जस्ता जडीबुटीसमेत पाइन्छन् ।

भोजपुर नगरपालिका भित्र पर्ने प्रमुख वनजङ्गलहरूमा हेलौँछाको छोक्ला वन, गुप्तेश्वरको अप्ठ्यारे हात्तीखर्कको वन, सिद्धेश्वरको ठूलो वन, बोखिमको सेरा पिखुवा वन, पालुवाको सालघारी वन, भैँसीपङ्खाको पिँडाले वन र भुल्केछोक्ला सामुदायिक वन, टक्सारको सल्लाघारी वन आदि रहेका छन् ।

## ६. तलका प्रश्नको उत्तर दिनुहोस् ।

(क) लेक र बेँसीमा पाइने २/२ ओटा वनस्पतिका नाम लेख्नुहोस् ।

(ख) तपाइँको ठाउँको आसपासमा रहेका वनहरूको नाम लेख्नुहोस् ।

(ग) तपाइँको वडाका वनमा कुनकुन वनस्पति पाइन्छन् ? सूची बनाउनुहोस् ।

## परियोजना कार्य :

अभिभावकको सहयोगमा आफ्नो ठाउँमा पाइने वनस्पतिका नाम र उपयोगिता तलको तालिकामा लेखेर ल्याउनुहोस् ।

| वनस्पतिका नाम | उपयोगीता |
|---|---|
| | |

## बाटोघाटो तथा सडक :



भोजपुर नगरपालिका भित्रका गाउँ तथा बजार जोड्ने विभिन्न गोरेटा र घोडेटा बाटाहरू छन् । ती बाटाहरूमा पहिलेदेखि अहिलेसम्म नै मानिसहरू आवतजावत गरिरहेका छन् । अहिले विकासका पूर्वाधार निर्माणका क्रममा सडक सञ्जालबाट गाउँ तथा बजार एकआपसमा जोडिएका छन् । सबै ठाउँमा सडक निर्माण भएपनि सबै ठाउँका सडक पक्की हुन सकेको छैनन् ।





भोजपुर नगरपालिका भित्र पर्ने पक्की सडकहरूमा पूर्व पश्चिम मध्यपहाडी लोकमार्ग, भोजपुर बजार आसपासका सडकहरू र भोजपुरदेखि टक्सार विमानस्थलसम्मको सडक मात्र पक्की सडक रहेका छन् । ग्रामीण क्षेत्रमा अझैसम्म कच्ची सडक सञ्जाल नै रहेको र कतिपय ठाउँमा पक्की सडक बन्ने प्रक्रियामा रहेका छन् ।

### १. तलको प्रश्नको उत्तर दिनुहोस् ।

(क) बाटो र सडक बिच के फरक छ ?

(ख) भोजपुर नगरपालिकाको कुनकुन ठाउँमा पक्की सडक रहेका छन् ?

(ग) तपाईंको घर नजिकको सडक कस्तो छ ?

## स्मरण गरौँ :

## गीत गाऔँ :

हामी सबै सडकमा, सुरक्षित हुनैपर्छ
पैदल र सवारी यात्रा, गन्तव्यमा पुग्नैपर्छ ।

यात्रा गर्दा आफ्नो साइड, सधैँ ख्याल गरौँ
बालक, वृद्ध, अशक्त हुन्छन्, सबैतिर हेरौँ ।



ट्राफिक नियम हामी, सबैले जानी राख्नुपर्छ
सडक पार गर्दा, जेब्राक्रस र बत्ती हेर्नुपर्छ ।

अभिभावक, शिक्षक सबैले, सिकाउनु नै पर्ने
नानीहरू सबैले नि, जानी राख्नुपर्ने ।



सबैले बुझौँ, सबैले गरौँ, प्रयोग जेब्राक्रसको
लामो जीवन, लामो यात्रा, सुखद् जिन्दगीको ॥

## तलका प्रश्नका उत्तर भन्नुहोस् :

(क) हामी सधैँ कहाँ सुरक्षित हुनुपर्छ ?

(ख) हामीले सडक यात्रा गर्दा केके ख्याल गर्नुपर्छ ?

(ग) सडकमा क–कसले यात्रा गरिरहेका हुन्छन् ?

(घ) हामीले के जानी राख्नुपर्छ ?

(ङ) सडक पार गर्नुअघि केके हेर्नुपर्छ ?

(च) जेब्राकसको प्रयोगले जिन्दगी कस्तो हुन्छ ?

## परियोजना कार्य :

तलका फोटोका बारेमा आफ्ना धारणा एकएक अनुच्छेदमा लेखेर ल्याउनुहोस् ।

(क)



(ख)




(ग)



(घ)



(च)



(छ)



# एकाइ २ : ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय सम्पदा













**सिकाइ उपलब्धि :**

१. आफ्नो पालिका भित्रका प्रमुख ऐतिहासिक सम्पदाहरूको नाम, अवस्थिति, नामकरणको ऐतिहासिकता वताउन ( टक्सार, भोजपुर वजार, सिद्धेश्वर, गुप्तेश्वर, आम्तेक, हेलौछा, वोखिम, भैंसीपङ्खा)

२. आफ्नो पालिका भित्रको धर्मालम्विहरूको जानसंख्यिक र प्रमुख धार्मिक सम्पदाहरूको नाम, अवस्थिति वताउन,

३. आफ्नो पालिका भित्रको प्रचलित स्थानीय गीत तथा नृत्यको पहिचान गर्न,

४. आफ्ना पालिका भित्रको मुख्य पर्यटकीय सम्पदाहरूको नाम र अवस्थिति बताउन,

**कार्यघण्टा : २८**

# पाठ १ : बाल दिवस

(बाल दिवसको अवसरमा भोजपुर नगरपालिकाको आयोजनामा भोजपुर नगरपालिका भित्रका विद्यालयको सहभागीतामा वक्तृत्वकला प्रतियोगीता हुँदै छ। वक्तृत्वकलाको विषय 'आफ्नो ठाउँको एतिहासिक नामकरण' रहेको छ। भोजपुर नगरपालिका १२ मा अवस्थित एक विद्यालयमा अध्ययनरत सुजन ताम्राकार र भोजपुर नगरपालिका ७ मा अवस्थित एक विद्यालयमा अध्ययनरत खिम्बुङ राईका प्रस्तुति)

**सुजन ताम्राकार**



बाल दिवसको अवसरमा भोजपुर नगरपालिकामा आयोजित वक्तृत्वकला कार्यक्रमका सभाध्यक्षज्यु, मञ्चमा आसिन प्रमुख अतिथि, विशेष अतिथि, अतिथि र विभिन्न विद्यालयबाट पाल्नुहुने गुरुवर्ग तथा प्रतिस्पर्धी तथा अप्रतिस्पर्धी साथीहरूमा हार्दिक नमस्कार !

आज म आफ्नो ठाउँको ऐतिहासिक नामकरण विषयमा आफ्ना केही विषयवस्तुहरू राख्ने अनुमति चाहन्छु। म भोजपुर नगरपालिका वडा नं. १२ टक्सारमा बस्छु। भोजपुर जिल्लाको एक ऐतिहासिक ठाउँ टक्सार बजार हो। म टक्सार बजारको नामकरण र ऐतिहासिक विषयलाई प्रस्तुत गर्दै छु।

भोजपुरको टक्सारमा करिब दुई सय वर्ष पहिले नै धातुको घरेलु उद्योग सुरु भएको पाइन्छ। राजा गीर्वाणयुद्ध विक्रम शाह र जनरल भिमसेन थापाको पालामा वि.स. १८७२ मा भोजपुरको टक्सारमा  टक्सार खानी अड्डाको स्थापना भएको पाइन्छ। तत्कालीन समयमा धातु उद्योग चलाउन वि.स. १८७० को दशकमा पूर्व ३ नं. क्षेत्रका विभिन्न ठाउँबाट तामा, फलाम र सिसा खानीको उत्खनन् गरी प्रशोधन गरिन्थ्यो। टक्सार खानी अड्डाको  स्थापना पछि पैसा छाप्ने टक्सारी पाटन उपत्यकाबाट झिकाइएको थियो। टक्सार अड्डाबाट

तामाको डोली पैसा एक तोलाको एक पैसा, दुई तोलाको दुई पैसा र पाँच पैसे ढ्याक काटिन्थ्यो । टक्सार खानी अड्डामा पैसा बनाउनुको साथै बजारमा धातुको घरेलु उद्योग करुवा, अन्ती, आम्खोरा, थाल, बटुकालगायत सामग्रीसमेत बनाउन थालियो । अहिले पनि टक्सारको करुवा असाध्यै प्रसिद्ध रहेको छ ।

सभाध्यक्ष महोदय, यस ठाउँलाई टक्सार भन्नु पहिला भोजपुरको १७ थुम मध्ये एक थुम खिका नाम गरेको राजाको राज्य भएकोले यस क्षेत्रलाई पहिला खिकामाछा भनिन्थ्यो । स्थानीय नेपाल भाषामा ढःधेवा अर्थात ढक पैसा काट्ने टक्सार खानी अड्डा स्थापना भएकोले यस ठाउँको नाम टक्सार भएको हो । केहीले यसलाई खिकामाछा टक्सार पनि भन्छन् । धन्यवाद ।

**खिम्बुङ राई**

श्रद्धेय सभाध्यक्षज्यु, मञ्चमा बस्नु भएका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि र विभिन्न विद्यालयबाट पाल्नुहुने गुरु गुरुआमा तथा प्रतियोगी तथा अप्रतियोगी साथीहरूमा हार्दिक नमस्कार !

आज म सर्वप्रथमत: म जस्तै सम्पूर्ण बालबालिका साथीहरूमा बाल दिवसको शुभकामना व्यक्त गर्दछु । आफ्नो ठाउँको ऐतिहासिक नामकरण विषयमा आफ्ना केही विषयवस्तुहरू राख्ने अनुमति चाहन्छु । म भोजपुर नगरपालिका वडा न. ७ भोजपुरमा बस्छु । भोजपुर नामकरण र ऐतिहासिक विषयलाई प्रस्तुत गर्न चाहन्छु ।



भोजपुर जिल्लाको सदरमुकाम र भोजपुर नगरपालिकाको पालिकाको केन्द्र पनि भोजपुर बजार हो । यो जिल्लाको एक प्रमुख ठुलो बजार हो । हाम्रो भोजपुर जिल्लाको पुरानो नाम 'सिद्धपुर' थियो । जिल्लाको प्रसिद्ध धार्मिक स्थल सिद्धकालीको नाउँबाट यसको नामकरण भएको हुन सक्दछ । नेपाललाई एकीकरण गर्ने क्रममा पृथ्वीनारायण

शाहले माझ किराँत विजय गर्दै आउँदा यस ठाउँलाई जिते पछि जितेको खुशीयालीमा ठूलो भोज खाएको र सबै भोज खाई नसके पछि बाँकी रहेको भोज यही ठाउँमा पुरेर गएको हुनाले यसको नाम सिद्धपुरबाट 'भोजपुर' रहन गएको हो भन्ने किंवदन्ती रहेको छ। सभाध्यक्ष महोदय, अर्को भनाइअनुसार पहिले यस जिल्ला सदरमुकाम आसपासका जङ्गलमा भोजपत्रका रुखहरू प्रशस्त पाइने हुनाले नाम भोजपुर रहन गएको भन्ने पनि लोकोक्ति रहेको पाइन्छ। धन्यवाद।

## अभ्यास

१. पाठको आधारमा खाली ठाउँ मिल्ने शब्द भर्नुहोस्।

(क) भोजपुरको टक्सारमा टक्सार खानी अड्डाको स्थापना वि.सं. ......... मा भएको थियो। (१८७०, १८७२, १८७४)

(ख) टक्सार खानी अड्डाबाट .............को डोली पैसा बनाइन्थ्यो। (तामा, काँस, पित्तल)

(ग) भोजपुर जिल्लाको पुरानो नाम .................. थियो। (सिद्धपुर, भद्रपुर, शिवपुर)

(घ) राज्य विजय भएको खुशीयालीमा उब्रिएको बाँकी भोज .................. भोजपुर नामकरण भएको किंवदन्ती पाइन्छ। (खाएकोले, पुरेकोले, बाँडेकाले)

२. **तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) टक्सार बजारको नामकरण कसरी भएको थियो ? लेख्नुहोस्।

(ख) टक्सारको अड्डाबाट कति कतिको डोली पैसा काटिन्थ्यो ? लेख्नुहोस्।

(ग) भोजपुरको नामकरण कसरी भएको थियो ? लेख्नुहोस्।

# पाठ २ : हाम्रो स्थानीय ठाउँ

(आकाश पराजुली भोजपुर नगरपलिका ११ आम्तेकको एक सामुदायिक विद्यालयको कक्षा ४ मा पढ्छन् । उनी विद्यालय जाँदै गर्दा स्थानीय विषय हाम्रो भोजपुर नगरपालिका अध्यापन गराउनु हुने शिक्षकसँग भेट भई कुराकानी गर्दै विद्यालय जाँदै छन् ।)

आकाश : सर, नमस्कार !

शिक्षक : नमस्कार आकाश, सञ्चै छौ ? हिजो मलाई सोधेको विषयमा आज थप कुरा गरौँ न त है आकाश ।

आकाश : हाम्रो आम्तेकको नाम कसरी 'आम्तेक' रहन गयो, सर ?

शिक्षक : यस क्षेत्रमा धेरै पहिला 'आङ्टेप' नामका किराँतीले आबादी गरेकाले उनकै नाम आङ्टेप अपभ्रंश भई आम्तेक रहेको किंवदन्ती रहेको छ भने अर्को भनाइअनुसार किराँती भाषामा 'आमटावा' को नेपाली अर्थ 'तिम्रो मयुर' हुन्छ । यस क्षेत्रको तल्लो भागमा मयुर पाइने भएकोले आमटावा अपभ्रंश भई आम्तेक रहेको पनि मानिन्छ ।



आम्तेक गाउँ

आकाश : अनि भैँसीपङ्खाको नाम चाहिँ कसरी रहन गयो ?

शिक्षक : भैँसीपङ्खा क्षेत्र पशुपालनका लागि उर्वर भूमि थियो । जाँगरिला कृषकका भैँसी पालन पेसा खुब फस्टाएको थियो । भैँसीको बथान चर्नका लागि निकै माथि लेकका खर्कसम्म पुऱ्याइन्थ्यो । एक दिन भैँसीका बथान चरनबाट फर्कने क्रममा ठुलो



भैँसीपङ्खा गाउँ

वर्षासँगै आएको खोला पहिराले भैँसीका बथानका भैँसीहरू धेरै हताहती भए । मरेका भैँसीहरू ढुङ्गा माटाले किचिएर बावर रोटी जस्ता चेप्टो देखिएका थिए । राई भाषीहरूले 'चेप्टिनु' लाई 'पेप्किनु' र 'रोटी' लाई 'पेम्पाक' भन्दछन् । राई भाषामा 'भैँसी पेम्पाक' भएको ठाउँ भएको हुनाले यस स्थानलाई नै 'भैँसीपेम्पाक' भन्न थालियो । स्थानीयको बोलीमा यो शब्द क्रमशः अपभ्रंश हुँदै जाँदा 'भैँसीपङ्खा' बनेको किंवदन्ती रहेको छ ।

आकाश : सर, बोखिमको नामकरण चाहिँ कसरी भएको हो नि ?

सर : खोटाङ तिरका रुवालुङ नामका व्यक्तिले यस क्षेत्रमा दुःख दिने राक्षसलाई वध गरी रक्षा गरेको र उनलाई यहीँ घरजम गराई बसाइएको बेलाबखतमा उनका भाइहरू खोटाङबाट भेट्न आउने गर्दा उनलाई कहाँ आएको भनी सोध्दा बान्तावा भाषामा 'बउ' भनेको दाजुको र 'खिम' भनेको घर हुन्छ । दाजुको घर आएको भनी बताएकोले 'बउखिम'बाट 'बोखिम' रहेको भन्ने किंवदन्ती छ । अर्को भनाइअनुसार चाम्लिङ भाषामा 'बोखा' भनेको माटो र 'खिम' भनेको घर हुन्छ । यहाँ धेरै माटोको इँटाबाट बनेका घरहरू भएकाले 'बोखाखिम' अपभ्रंश भई 'बोखिम' रहन गएको भनाइ पनि छ ।



**बोखिम गाउँ**

आकाश : मेरो मामली घर हेलौँछाको नामकरण कसरी भयो होला नि, सर ?

सर : परापूर्व कालमा यस क्षेत्रलाई ठूलो जङ्गलले वरिपरिबाट घेरेको थियो । त्यसैले बाँदरले असाध्यै धेरै दुःख दिई सताउने गरेकोले राई भाषाकाअनुसार 'हेलावा' भनेको 'बाँदर' र 'छा' भनेको 'नाच्नु' हुन्छ । बाँदरले नाच्ने वा दुःख दिने भन्ने 'हेलवाछा' शब्द अपभ्रंश भई 'हेलौँछा' भएको भन्ने किंवदन्ती रहेको छ ।

आकाश : सिद्धेश्वरको नामकरण कसरी भयो नि, सर ?

सर : भोजपुर नगरपालिका ४ दावाँको सिद्धटारमा अवस्थित सिद्ध महाराजको मन्दिरको नामबाट 'सिद्धेश्वर' भएको जनश्रुति रहेको छ। त्यसै शब्दबाट सिद्धेश्वर माध्यमिक विद्यालयको नामकरण गरिएको छ ।

आकाश : दावाँको गुप्तेश्वरको नामकरण चाहिँ कसरी भएको हो, सर ?

सर : भोजपुर नगरपालिका ३ मा रहेको गुप्तेश्वर महादेवको गुफा रहेको छ । उक्त महादेव गुफाको नामबाट नै 'गुप्तेश्वर' भएको भनाइ छ ।

आकाश : आज सरबाट कति धेरै ज्ञानवर्द्धक कुरा बुझ्न पाइयो । सरलाई धेरैधेरै धन्यवाद छ ।

## अभ्यास

### १. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) आम्तेकको नामकरण कसरी भएको हो ? लेख्नुहोस् ।

(ख) भैँसीपङ्खाको नामकरण कसरी भएको रहेछ ? लेख्नुहोस् ।

(ग) बोखिमको नामकरण कसरी भएको थियो ? लेख्नुहोस् ।

(घ) हेलौँछा नामकरण कसरी भएको थियो ? लेख्नुहोस् ।

(ङ) सिद्धेश्वरको नामकरण कसरी भएको थियो ? लेख्नुहोस् ।

(च) गुप्तेश्वरको नामकरण कसरी भएको थियो ? लेख्नुहोस् ।

### परियोजना कार्य

तपाईंको टोल वा गाउँको नामकरण कसरी भएको हो भनी परिवारका सदस्य वा समाजका अग्रज व्यक्तिहरूलाई सोधी खोजी गरी लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ : पालिकाभित्रका धार्मिक सम्पदा









भोजपुर नगरपालिकाभित्र विभिन्न धर्म र जातजातिहरूको बसोबास रहेको छ । यहाँका मानिसहरूले हिन्दू, बौद्ध, किराँत, इस्लाम आदि धर्म अवलम्बन गरेको पाइन्छ ।

**साकेला थान, मन्दिर, गुम्बा, चर्चको नाम र रहेको स्थान :**

| धार्मिक स्थलको नाम | पर्ने स्थान |
|---|---|
| साकेला थान | भोजपुर नगपालिका १० असिने, वडा न |
| साकेला थान | भोजपुर नगरपालिका ५ सुनधारा |
| साकेला थान | भोजपुर नगरपालिका ५ पान्धारे |

| | |
|---|---|
| सिद्धकाली मन्दिर | भोजपुर नगपालिका ९ |
| राधाकृष्ण मन्दिर | भोजपुर नगपालिका ९ |
| रणेश्वर शिवालय | भोजपुर नगपालिका १२, टक्सार |
| कालिका देवीथान | भोजपुर नगपालिका २, हेलौँछा |
| सरस्वती गुफा | भोजपुर नगपालिका १२, टक्सार |
| पेमा छ्योलिङ गुम्बा | भोजपुर नगपालिका ९, पानीट्याङ्की |
| हिमालय महायानी बिश्वशान्ति बौद्ध गुम्वा | भोजपुर नगपालिका ९, काफ्ले |
| हिमालयन बौद्ध (नाम्दा) देछिलिङ गुम्बा | भोजपुर नगपालिका ५, आहाले |
| हिमालयन रिन्छेन छ्योलिङ बौद्ध गुम्बा | भोजपुर नगपालिका १, हेलौँछा |
| विद्याधरी अजिमा मन्दिर | भोजपुर नगपालिका १२, टक्सार |
| करुणामयको पञ्चबुद्ध चैत्य | भोजपुर नगपालिका १२, टक्सार |
| पुरानो डबलीको जयश्वर महादेव | भोजपुर नगपालिका १२, पुरानो डबली |
| कोटडाँडाकी देवी | भोजपुर नगपालिका १२ |
| शाक्यमुनि बिहार | भोजपुर नगपालिका १२, टक्सार |
| गुप्तेश्वर महादेब | भोजपुर नगपालिका ३, गुप्तेश्वर |
| सिद्धमहाराजको मन्दिर | भोजपुर नगपालिका ४, सिद्धेश्वर |
| पञ्चकन्या देवीको मन्दिर | भोजपुर नगपालिका ५ बोखिम |
| त्रिपुरेश्वर महादेव तिलाहार | पौवादुङमा १, श्यामशिला<br>(भोजपुर न.पा. नजिकको पर्ने धार्मिक स्थल) |
| पशुपतिनाथ मन्दिर | टेम्के मैयुङ १, रिमचिम तिम्मा<br>(भोजपुर न.पा. नजिकको पर्ने धार्मिक स्थल) |
| साङ्गे छ्योलिङ बौद्ध गुम्बा पोखरे | भोजपुर नगपालिका ८, पोखरे |
| ज्याङछुप छयोलिङ बौद्ध गुम्बा | भोजपुर नगपालिका १० नरपायाँ |
| बेथेल वप्तिस मण्डली | भोजपुर नगपालिका १०, भैँसीपङ्खा |
| सालोम एजी चर्च | भोजपुर नगरपालिका ६, देउराली |

| | |
|---|---|
| | |

## अभ्यास

**१. पाठको आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।**

(क) सिद्धकाली मन्दिर भोजपुर नगरपालिका वडा नं......... मा रहेको छ ।

(ख) विद्याधरी अजीमा नगरपालिका वडा नं......... मा रहेको छ ।

(ग) भोजपुर नगरपालिका वडा नं ३ मा पर्ने धार्मिक स्थल .......................... हो ।

**२. भोजपुर नगरपालिकाभित्र पर्ने कुनै पाँच ओटा धार्मिक सम्पदा र अवस्थिति लेख्नुहोस् ।**

**परियोजना कार्य :**

तपाईंको वडा भित्र रहेका धार्मिक स्थालहरूको बारेमा परिवारका सदस्य वा समाजका अग्रज व्यक्तिहरूलाई सोधी खोजी गरी नाम र अबस्थिति लेख्नुहोस् ।

# पाठ ४ : साँस्कृतिक सम्पदा













माथि चित्रमा देखाइएका साँस्कृतिक क्रियाकलाप कुनकुन समुदायसँग सम्वन्धित छन ? कक्षामा छलफल गर्नुहोस् ।

# हाम्रा गीत र नृत्य

हाम्रो भोजपुर नगरपालिका एक सुन्दर साँस्कृतिक रूपले सजिएर रहेको पालिका हो । यस पालिकामा विविधताभित्र एकतामा रमाएर सबै जातजातिको बसोबास रहेको छ । मुख्य गरेर राई, क्षेत्री, नेवार, तामाङ, ब्राह्मण, शेर्पा, भुजेल, गुरुङ, मगरलगायत अन्य जातजति मिलेर बसेका छन् । हाम्रो समाजमा जातजाति विशेष आफ्ना पहिचान, कला  र संस्कृति रहेको छन् ।

संस्कृति देशको नीधि हुन् । विभिन्न जात, भाषा, संस्कार र संस्कृतिको एकताले यस नगर क्षेत्रभित्र सजिएको सुन्दर फूलबारीको रूपमा रहेको भोजपुर नगरपालिका हो ।  भोजपुर नगरभित्र बसोबास गर्ने जातजाति विशेष गीत तथा नृत्यहरू छन् , जसलाई तल प्रस्तुत गरिएको छ :

**भोजपुर नगरपालिका भित्रको प्रमुख जाति र तिनका मौलिक गीत र नृत्य**

| *क्र.सं.* | *जाति* | *गीत* | *नृत्य* |
|---|---|---|---|
| १. | राई | सिली | साकेला/साकेन्वा |
| २. | क्षेत्री | बालन, संगिनी, | वालन,संगीनी |
| ३. | नेवार | दाफा भजन, ज्ञानमाला भजन, तवला भजन | लाखे नाच, वनदेवी नाच, धिमे नाच, ठाकठुके नाच |
| ४. | तामाङ | सेलो | सेलो |
| ५. | ब्राह्मण | वालन, संगिनी, | बालन, संगीनी |
| ६. | शेर्पा | स्याब्रु | स्याब्रु |
| ७. | मगर | मारुनी, सोरठी, | मारुनी, हुर्रा |
| ८. | गरुङ | रोधी | सोरठी, घाटुनाच |
| ९. | लिम्बू | पालम, ख्याली, हाक्पारे | च्याब्रुङ, धाननाच |

## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| बालन | राई |
| सिली | गुरुङ |
| रोधी | ब्राह्मण |
| पालम | मगर |
| मारुनी | लिम्बु |
| लाखेनाच | शेर्पा |
| सेलो | नेवार |
| स्याब्रु | तामाङ |

### २. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) राई जातिको जातीय गीत र नाचलाई के भनिन्छ ?

(ख) स्याब्रु नाच कुन जातिको नाच हो ?

(ग) नेवार जातिको कुनै नाच्ने २ नृत्यको नाम लेख्नुहोस् ।

(घ) तामाङ जातिको मुख्य गीत कुन हो ?

## बालन

बालन ब्राह्मण–क्षेत्री समुदायको एक पराम्परागत गीत तथा नाच हो । यो गाउँदा सुरुमा एक जनाले गाउँने र त्यसैलाई अरुले सामूहिक रुपमा लय थप्दै गाइन्छ । यो महाभारत, शिवपुराण, रामायणको विभिन्न प्रसङगलाई लयात्मक रूपमा गाउँदै समूहमा नाचिन्छ । बालनमा राम, कृष्ण र महादेव लगायतका देवताको चरित्रगाथालाई लयात्मक रूपमा सामुहिकतामा मिलेर गाउँने र नाचिने गरिन्छ । बालन गाउँदा खैजडी र मुजुरा बाजा बजाइन्छ ।



बालन गायन र नृत्यसँगै भगवानका अवतारहरू कथाअनुसार राम, लक्ष्मण, सीता, हनुमान, रावण, परशुराम, विष्णु, कृष्ण, कंसको अभिनय र नृत्य  हुन्छ । बिचबिचमा हनुमानको प्रवेशले अझ बढी रमाइलो हुने गर्छ । गीत तलमाथि परेमा अवतारको अभिनय गर्नेहरू घाइते वा अन्य जोखिममा पर्ने मान्यता रही आएको छ ।

बालनमा नाच्ने नर्तकीहरू घुमीघुमी  अघि र पछि सबैलाई नमस्कार गर्दै नाच्ने गरिन्छ । हिन्दू परम्पराका अनुयायी व्रतालुहरू भगवानको विशेष पूजा आरधना र खास गरी जाग्राम बसेको बेला बालन गाउँने र नाच्ने गर्दछन् । शिवरात्री, बालाचतुर्दशी, हरिबोधनी एकादशी लगायतका चाडपर्व, जात्रामेला र धार्मिक उत्सवमा पनि बालन गाउँने र नाच्ने गरिन्छ ।

## सँगिनी



महिलाहरूले समुहमा गीत गाउँदै नाच्दै खेलिने एक मैलिक परम्परा हो ।  महिलाहरू वरिपरि गोलो घेरामा बसी सबैले एक अर्काको हात समाउँदै विस्तारै गाउँदै नाचिने नाचलाई सँगिनी भनिन्छ । यसमा रामायण, महाभारत, गीताका प्रसङ्गलाई लयमा बदली ताली बजाउँदै नाचिन्छ ।

सँगिनी गाउँघरको विवाह, रत्यौली, धार्मिक उत्सव, पूजाआजा आदिमा महिलाहरूले गाउँने र नाच्ने परम्परा रहेको पाइन्छ ।   सँगिनीको गीतमार्फत चेलीहरूले आफ्ना मनका भावनाहरूलाई सामूहिक रूपमा पोख्ने गर्दछन् ।

### अभ्यास

**तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

१. बालन कुन समुदायमा प्रचलित छ ?

२. बालनमा कुनकुन बाजाको प्रयोग गरिन्छ ?

४. बालन कुनकुन समयमा खेलिन्छ ? लेख्नुहोस् ।

५. सँगिनी भनेको के हो ?

६. साँगिनी कुन कुन अवसरमा खेलिन्छ ? लेख्नुहोस् ।

## परियोजना कार्य

बालन र साँगिनी जस्तै तपाईंको समुदायमा गाइने र नाचिने साँस्कृतिक गीत र नृत्यका बारेमा जानकार व्यक्तिलाई सोधिखोजी गरी लेखेर ल्याउनुहोस् ।

# पाठ ५ : हाम्रा स्थानीय पर्यटकीय स्थल





(रविना मोते भोजपुर नगरपालिका वडा नं. ७ अन्तर्गत पर्ने एक संस्थागत विद्यालयको कक्षा ४ मा अध्ययन गर्छिन् । उनको विद्यालयले कक्षा ४ का विद्यार्थी र शिक्षकको वनभोज कार्यक्रम भोजपुरको सुन्तले डाँडामा आयोजना गरेको छ । वनभोजको क्रममा  शिक्षक र विद्यार्थीहरू बिच भएको कुराकानी)

रविना : आहा ! कति रमाइलो ठाउँ रहेछ, सर ।

शिक्षक : हो नि, यो भोजपुर नगरपालिकाको एक महत्त्वपूर्ण पर्यटकीय क्षेत्र सुन्तले डाँडा हो । यो प्राकृतिक रूपले सुन्दर स्थान हो । अझ हिउँद याममा हिउँ परेको बेला त धापखर्क, सुन्तले, बाघखोरलगायतका क्षेत्र अत्यन्त मनोरम देखिन्छ । सुन्तले डाँडा भोजपुर नगरपलिका वडा नं. ५ बोखिम र वडा नं. २ हेलौँछाको सिमानामा पर्छ । ऊ, त्यो थाम डाँडामा भ्युटावर पनि निर्माण भएको छ ।

सुगम : सर, बाघखोर कहाँनिर पर्छ ?

शिक्षक : सुगम, बाघखोर भोजपुर-दिङ्ला सडक खण्डमा पर्ने अर्को महत्त्वपूर्ण रमणीय स्थल हो । यो भोजपुर नगरपालिका वडा नं ५ बोखिम, वडा



बाघखोरस्थित बाघका सालिक

नं ४ सिद्धेश्वर र वडा नं २ हेलौँछाको सिमानामा रहको छ । सुन्तले र बाघखोर आउनलाई सडक बाटो पनि भएकोले यहाँ थुप्रै पर्यटकहरू आउने गर्छन् । शरद ऋतुमा यहाँबाट देखिने हिमालहरूको दृष्य र प्राकृतिक छटाको मनरम दृष्यले पर्यटकलाई मख्ख पार्छ ।

भिन्तुना : भोजपुर नगरपालिकाभित्र पर्ने अन्य पर्यटकीय क्षेत्रहरू कहाँ कहाँ छन्, सर ?

शिक्षक : भोजपुर नगरपालिकाको वडा नं. १२ स्थित टक्सार पनि एक पर्यटकीय क्षेत्र हो । टक्सारका ऐतिहासिक सम्पदाहरू हेर्न स्वदेशी तथा विदेशी पर्यटकसमेत आउने गर्छन् । टक्सारको शाक्यमुनि विहार, विद्याधरी अजिमा थान, सरस्वती गुफा, पुराना घर तथा सम्पदाहरूले सबैको मन लोभ्याउँछ । टक्सारमा भोजपुर जिल्लाको एक मात्र विमान स्थलसमेत छ ।



टक्सारस्थित सरस्वती गुफा

सुबिहाङ : अरुण डाँडा कता पर्छ नि, सर ?

शिक्षक : अरुण डाँडा पौवादुङ्मा र भोजपुर नगरपालिकाको सिमानामा पर्ने एक पर्यटकीय स्थल हो । अरुण डाँडा भोजपुर नगरपालिका वडा नं. १० भैँसीपङ्खा, वडा नं. १ हेलौँछा र पौवादुङ्मा वडा नं. १ श्यामशिलाको सिमानामा पर्दछ । अरुण डाँडामा शिव भगवान, यलम्बर र गौतम बुद्धका ठुला प्रतिमाहरू पनि राखिएकाले थप आर्कषक देखिएको छ ।

रविना : भोजपुर नगरपालिकाभित्र अरु पनि पर्यटकीय क्षेत्र छन् कि, सर ?

शिक्षक : भोजपुर नगरपालिका वडा नं. ९ पानीट्याङ्कीको कैलाश डाँडा, भोजपुर नगरपालिका वडा नं. ४ सिद्धेश्वरमा पर्ने पात्ले धारा, भोजपुर नगरपालिका

वडा नं. ३ को गुप्तेश्वरमा रहेको तीन छाँगे झर्नालगायत अरु पनि रहेका छन् ।

पेम्बा : सर, भोजपुर जिल्लाभित्रका अरु पर्यटकीय स्थल के के छन् होला ?


पानीट्याङ्कीस्थित कैलाश डाडाँ

शिक्षक : पेम्बा, हाम्रो जिल्लामा मुन्धुम पदमार्ग यात्रा गर्न स्वदेशी तथा विदेशी ठुलो सङ्ख्यामा आउँछन् । त्यसैगरी टेम्केमैयुङ गाउँपालिकाको टेम्के डाँडा, चखेवा भञ्ज्याङ, साल्पासिलिछो गाँउपालिकाको साल्पा पोखरी, सिलिचुङ पहाड, षडानन्द नगरपालिकाको बालागुरु षडानन्द जन्मस्थान दिङ्ला, हगुवागढीको हतुवागढी दरबार, आमचोक गाउपालिकाको थामडाँडा, रामप्रसादराई गाउपालिकाको नागछाँगा र गोल्मे भिर, पौवादुङ्मा गाउपालिकाको च्याङ्ग्रे पोखरी, अरुण गाउपालिकाको पातले गुफा र पेन्सनगढी आदि हाम्रो जिल्लाका प्रमुख महत्त्वपूर्ण पर्यटकीय स्थलहरू हुन् ।

अब धेरै कुराकानी भन्दा पनि वनभोज खाने र नाच्ने कार्यक्रमतर्फ केन्द्रित हुनुपर्छ, नानीहरू ।

विद्यार्थीहरू : हस्, धन्यवाद सर ।

(दिनभरको कार्यक्रम सम्पन्न भएपश्चात साँझ ५ बजे सबै विद्यार्थीहरू कोही नछुटी लाइनमा बसेर आफ्नो स्कुल बसमा पस्छन् र गाउँदै रमाउँदै विद्यालय फर्कन्छन् । शिक्षकले उक्त दिनको प्रतिवेदन सबै विद्यार्थीलाई तयार पार्न निर्देशन दिँदै गरेको सुनिन्छ ।)

## अभ्यास

### तलका प्रश्नको उत्तर लेख्नुहोस् :

१. भोजपुर नगरपालिकाभित्र पर्ने कुनै पाँच ओटा पर्यटकीय स्थलको नाम लेख्नुहोस् ।

२. अरुण डाँडा कुन कुन पालिकाको सिमानामा पर्छ ? लेख्नुहोस् ।

४. भोजपुर नगरपालिका वडा नं. १२ मा पर्ने कुनै तीन ओटा पर्यटकीय स्थलहरूको नाम लेख्नुहोस् ।

५. साल्पासिलिछो गाँउपालिकामा पर्ने कुनै दुई ओटा पर्यटकीय स्थलको नाम लेख्नुहोस् ।

६. टेम्केमैयुङ गाँउपालिकामा पर्ने कुनै दुई ओटा पर्यटकीय स्थलको नाम लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको आफ्नो गाउँ वा वडामा पर्ने पर्यटकीय स्थलको बारेमा परिवारका सदस्य वा अग्रज जानकार व्यक्तिहरूसँग सोधिखोजी गरी पर्यटकीय स्थल र तिनका ठेगाना तलको तालिकामा लेखेर ल्याउनुहोस् ।

| क्र.स. | पर्यटकीय स्थलको नाम | ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

# एकाइ ३ : जातजाति, भाषाभाषी र चाडपर्व







### छलफल गरौँ :

माथिका फोटा तथा चित्रका बारेमा साथीसँग छलफल गरी शिक्षकलाई बताऔँ ।

### गीत गाऔँ :

**प्यारो भोजपुर नगरपालिका**

डाँडाकाँडा कत्ति राम्रो छ है हाम्रो वनपाखा
विविध जाति भाषा धर्म समान एकै छ भाका

घट्टे सेरा याङ्गुवा अखुवा पिखुवा सोऱ्याङ सलल
तीन धारा सप्त धारा सिर्जनाको मूल निर्मल

खुकुरी छ कम्मरमा शिरमा गुराँस सिउरेर
चुम्दै माटो सुन्तलेमा घाम बिहान हाँसेर

हेलौछा दाँवा बोखिम पालुवा भोजपुर भैँसीपङ्खा
पोखरे आम्तेक सकल टक्सार सग्ला बाह्रै आँखा

प्रगति र अग्रगति छन् नेत्र दुर दृष्टिका
सुन्दर शान्त प्यारो हाम्रो भोजपुर नगरपालिका

**सिकाइ उपलब्धि :** **कार्यघण्टा : १६**

- आफ्नो पालिकाभित्र बसोबास गर्ने सबै जातजातिको विवरण प्रस्तुत गर्न,
- जातीय सद्भाव र सम्मान व्यक्त गर्न,
- आफ्नो पालिकाभित्रका समुदायले बोल्ने भाषाहरूको सूची प्रस्तुत गर्न,
- आफ्नो मातृभाषामा बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन,
- आफ्नो पालिकाभित्रका समुदायले मनाउने प्रमुख स्थानीय चाडपर्वहरूको सूची प्रस्तुत गर्न ,
- लिम्बू जातिको धाननाच र च्याब्रुङ नाच तथा गुरुङ जातिको तमुल्होसारको सामान्य परिचय प्रस्तुत गर्न,

# पाठ १ : साथीलाई चिठी



मिति : २०८१/०३/२३

प्यारो साथी जीवन,

नमस्कार !

कुशल रही कुशलताको कामना गर्दछु। म भोजपुर नगरपालिका वडा नं. ६ पालुवाको भँगेरीमा बस्छु। म कक्षा ४ मा पढ्ने विद्यार्थी हुँ भन्ने कुरा तपाइँलाई थाहा नै छ। अस्ति तपाइँले पठाउनुभएको पत्र पाएँ। तपाइँ गएको जेठ महिनाको १९ गते शनिबारका दिन भोजपुर बजार आउनुभएछ। टुँडिखेलमा पनि जानुभएछ। त्यो दिन टुँडिखेलमा किराँत राईहरूको उभौँली पर्वको अन्तिम साकेला/साकेन्वा सिली प्रदर्शन कार्यक्रम थियो। म पनि त्यहीँ थिएँ तर भिडमा हाम्रो भेट हुन सकेन। तपाइँलाई सो सिली नाच ज्यादै मनपरेछ। तपाइँलाई मेरो भोजपुर नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरूका बारेमा जान्ने इच्छा जागेको रहेछ। त्यसैले आज यो पत्रमार्फत मेरो पालिकामा बसोबास गर्ने विभिन्न जातजातिका बारेमा लेखी पठाउँदै छु।

भोजपुर नगरपालिकामा धेरै प्रकारका जातजातिहरू एक आपसमा मिलेर सँगै बसेका छन्। भोजपुर जिल्ला सदरमुकाम पनि परेकाले यहाँ सरकारी अफिस, अस्पताल, क्याम्पस

तथा बजार पनि छ । अन्यत्र ठाउँबाट बसाइँसराइ गरेर आएका मानिसहरू पनि छन् । पेसा, व्यवसाय र रोजगारीका लागि बस्दै आएका विभिन्न जातजातिका मानिसहरू पनि भोजपुर नगरपालिकामा बस्दै आएका छन् । म तपाइँलाई मेरो नगरपालिकाभित्र बसोबास गर्ने मुख्य जातजातिको सामान्य विवरण पत्रमा लेख्दै छु ।




यहाँ राई, क्षेत्री, तामाङ, नेवार, ब्राह्मण, शेर्पा, मगर, गुरुङ, विश्वकर्मा, दर्जी, नेपाली, भुजेल, लिम्बू, सुनुवार, योगी, जोगी आदि जातजातिको मिश्रित बसोबास रहेको छ । यी जातिका मानिसहरू पालिकाभर छरिएर बसेका छन् । विशेष गरेर वडा नं. १२ टक्सारमा नेवारी समुदायका शाक्य, ताम्राकार, हलवाई, उदास (तुलाधर), श्रेष्ठ, प्रधान, कपाली आदि थरका मानिसहरूको सघन बसोबास रहेको छ । यी बाहेक अन्य जातिको बसोबास सबै वडामा मिश्रित रहेको पाइन्छ । गुरुङ जातिको बसोबास मुख्य गरेर वडा नं. २ हेलौछा र बेतिनी भन्ने गाउँमा रहेको छ ।

एउटा फूलबारीमा थरीथरी जातका फूलहरू सँगै फुल्दा त्यो फुलबारी कत्ति सुन्दर देखिन्छ । त्यस्तै मेरो नगरपालिका पनि एउटा सुन्दर फूलबारी नै हो । मेरो कक्षा कोठामा पनि थरिथरिका जाति छौँ । सँगै मिलेर बस्छौँ । सँगै पढ्छौँ । सँगै खेल्छौँ । जातजातिले कोहि सानो र कोही ठुलो हुँदैन । सबै मानिस एउटै हो । म त साथीलाई गाह्रो अप्ठ्यारो पर्दा जहिल्यै सकेको सहयोग गर्ने गरेको छु । साथी तपाइँ पनि त्यस्तै गर्नुहोस् ल । तपाइँले पनि आफ्नो पालिकाका जातजातिका बारेमा मलाई चिठीमा लेखी पठाउनु होला ।

आजलाई यति लेख्दै मेरो कलम बन्द गर्दै छु । बाँकी कुरा पछि गरौँला, बिदा !

तपाइँको साथी
सुमन तामाङ
भोजपुर नपा - ६, भँगेरी
भोजपुर

खामको नमुना




## अभ्यास

### १.खाली ठाउँ भर्नुहोस् :

ठुलो र सानो, सहयोग, मिश्रित, रोजगारी

(क) अप्ठ्यारोमा परेको साथीलाई ............... गर्नुपर्छ ।

(ख) भोजपुर नगरपालिकामा ...................... जातजातिको बसोबास छ ।

(ग) हाम्रो नगरपालिकामा बाहिरका मानिसहरू पनि ..............का लागि बसेका छन् ।

(घ) जातजातिका आधारमा कोही .................. हुँदैन ।

### २. उत्तर भन्नुहोस् :

(अ) माथिको पत्र कसले लेखेका हुन् ?

(आ) माथिको पत्र कसलाई लेखिएको हो ?

(इ) माथिको पत्र कुन मितिमा लेखिएको छ ?

(ई) पत्र पाउने मानिसको ठेगाना बताउनुहोस् ।

(उ) पत्र के विषयमा लेखिएको हो ?

### ३. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) भोजपुर नगरपालिकाभित्र केका लागि बाहिरका मानिसहरू आउने गरेका छन् ?

(ख) भोजपुर नगरपालिकामा कुन कुन जातजातिका मानिसहरूको बसोबास रहेको छ ?

(ग) भोजपुर नगरपालिकाको कुन ठाउँमा गुरुङ जातिको बसोबास रहेको छ ?

(घ) टक्सारमा नेवारी समुदायका कुनकुन थरका मानिसहरू बस्छन् ?

**४. क्रियाकलाप गरौँ :**

(क) अरुलाई सकेको सहयोग गर्नु हाम्रो मुख्य कर्तव्य हुनआउँछ । त्यसोभए तपाइँले अहिलेसम्म को को मानिसलाई के के सहयोग गर्नु भएको छ ? पालैपालो उठेर आफ्नो अनुभव सुनाउनुहोस् ।

(ख) शिक्षकको सहयोगमा दुई जना वा सोभन्दा बढी मिलेर कोही अप्ठ्यारो वा आपत्मा वा बिरामी परेको अभिनय गर्नुहोस् । अरु साथीले उसलाई कुन खालको सहयोग गर्नुपर्ने हो सो सहयोगको अभिनय पालैपालो गर्नुहोस् ।

*(समूह बनाउँदा फरक फरक जाति र लिङ्गको बनाउनु होला)*

**५. तपाईंले आफनो विद्यालय र कक्षामा पढ्ने विभिन्न जातजाति र थरका विद्यार्थी साथीहरूको विवरण उल्लेख गर्दै छिमेकी विद्यालयमा पढ्ने एक साथीलाई चिठी लेख्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।**


साथीलाई चिठी लेखौँ

## राम्रो अक्षर लेख्ने दिदीको कुरा सुनौँ :






मेरो नाम प्रकृति मल्ल हो । मेरो घर धनकुटा हो । सुरुमा मेरो अक्षर त्यति राम्रो थिएन । मैले सानोमा एक जना दाजुको राम्रो अक्षर देखेँ । त्यस बेला म कक्षा ४ मा पढ्दै थिएँ । त्यसपछि दिनको एक घण्टा राम्रो अक्षरका लागि दैनिक लेख्न थालेँ । मेरो अक्षर राम्रो हुँदै गयो । म समय नछुटाई नियमित लेख्दै गएँ । अन्तिममा म नेपालको मात्र होइन । विश्वकै उत्कृष्ट अक्षर लेख्ने विद्यार्थीमा छनोट भएँ । म नेपाली र अङ्ग्रेजीमा राम्रो अक्षर लेख्न सक्छु । साथी, तपाईं पनि आजैदेखि मिहिनेत गर्नुहोस् । तपाईं पनि सफल हुनुहुने छ ।      धन्यवाद !




नेपाली हस्तलेखनको महत्त्व

हस्तलेखनले व्यक्तित्व झल्काउँछ । लेखनलाई आकर्षक लागनेछ (प्रस्तुतिला-इं स्वीकार्य बनाउँछ । परीक्षकको मन जितेर उत्कृष्ट अङ्क प्राप्त गर्न सघाउँछ । लेख्ने कलामा आत्मविश्वास बढाउँछ । यसले अक्षर, शब्द र वाक्यलाई कसरी लेख्ने भनेर संरचना, बनावट र आदिको बोध गराउँछ । हस्तलेखनले स्मरण शक्ति बढाउन मद्दत गर्नुको साथसाथै लेखनकला-को पनि विकास गराउँछ । दैनिक हस्तलेखन बानीले सफा र शुद्ध लेखन-को लागि सहयोग पुऱ्याउँछ ।



Name: Prakriti Malla
Class: 8 (Eight)
Sec: B
School: Sainik Awasiya

Handwriting is an essential skill for both children and adults (Feder & Majnemer, 2007) Even in the age of technology, it remains the primary tool of communication and knowledge assessment for students in the classroom. The demands for it are great, whether in the classroom or beyond. A 1992 study (McHale & Cermak) found that 85 percent of all fine motor time in second, fourth and sixth grade classrooms was spent on paper and pencil activities. A more recent study (Marr, Cermak, Cohn & Henderson, 2003) noted that kindergarten children are now spending 42 percent of their fine motor time on paper and pencil activities.

**प्रकृति मल्ल जस्तै तपाईं पनि राम्रो अक्षर लेख्न थाल्नुहोस् ।**

**राम्रो अक्षर लेखेर साथीहरू र शिक्षकलाई समेत देखाउनुहोस् ।**

# पाठ २ : हाम्रा भाषा र सञ्चार



(तायाहाङ र शीला भोजपुर नगरपालिकाको एउटै विद्यालयको कक्षा ४ मा सँगै पढ्ने साथी हुन् । उनीहरू बाटोमा बोल्दै विद्यालय जाँदै छन् । सुनौँ उनीहरूको संवाद)



**शीला** : नमस्कार !

**तायाहाङ** : ओहो ! शीला, नमस्कार ।

**शीला** : खुशी लाग्यो तायाहाङ । म एक्लै हुने परेँ भनेको त तपाईँ पनि आइपुग्नु भयो ।

**तायाहाङ** : मलाई पनि खुशी लाग्यो । अरु दिनभन्दा आज आमाले छिट्टै खाना पकाउनुभएछ । म त खाएर हिँडिहालेँ ।

**शीला** : तायाहाङ, म तपाईँलाई एउटा कुरा गर्छु ल । मलाई त हिजोको कक्षामा किरण सरले बताउनुभएको एउटा कुराले खुब मेरो मनमा कुरा खेलिरहेको छ ।

**तायाहाङ** : के कुरा हो त्यस्तो ?

**शीला** : त्यो कि, मानिस र अन्य पशुपंक्षीमा फरक तुल्याउने मुख्य कुरा हामीले बोल्ने भाषा हो रे । कसरी हुन सक्छ ? मैले त घरमा गएर पालेको गाई, बाखा, कुखुरालाई पनि हेरेँ ।



**तायाहाङ** : ए, त्यो कुरा पो हो ! किरण सरले भन्नुभएको ठिकै हो नि । भाषा भनेको त हाम्रो मनको कुरा अरुलाई बताउने, अरुको कुरा सुनेर बुझ्ने कामको लागि हो । भाषा नभएको भए हामी मानिस पनि पशुहरू जस्तै नै हुने थियौँ ।

**शीला** : तपाईंले भनेको कुरा पनि ठिकै हो । म हिँजो घर गएर गोठमा बाँधिराखेको गाईसँग गएँ । कत्ति बोलाएँ । अह, बोल्दै बोलेन । सुख, दुःख, सन्चो, बिसन्चो, हाँसो, खुशी केही थाहा भएन ।

**तायाहाङ** : हो नि । हाम्रो भावना अरु सामु बुझ्ने बुझाउने भनेको भाषाले नै हो ।

**अङ्कल** : ए नानी हो, तिमीहरूको कुरा म अघिदेखि सुन्दैसुन्दै आउँदै छु । तिमीहरू त सारै मिठो बोल्दा रहेछौ ।

**दुवै जना :** (फर्कर हेर्दै) ए अङ्कल पो हुनुहुँदोरहेछ । नमस्कार अङ्कल !

**अङ्कल** : नमस्कार नानी हो । तिमीहरूको कुरा सुनेर म दङ्ग परेँ । भाषाको महत्त्व बारे कुरा गर्दै थियौ नि । सुन, भाषा हाम्रो महत्त्वपूर्ण सम्पत्ति र हतियार हो । जसरी एक हतियारलाई सही प्रयोग गर्‍यौँ भने हाम्रो काम बन्छ तर त्यसलाई गलत प्रयोग गर्‍यौँ भने आफैँलाई काट्छ । त्यस्तै हामीले बोल्ने भाषा पनि राम्रो बोलेमा फाइदा हुन्छ । सबैले मन पराउँछन् तर नराम्रो



बोल्यो भने नराम्रो हुन्छ । म एउटा साँचो कथा सुनाउँछु है । मेरो गाउँमा एकजना मान्छे छ । ऊ मान्छे देख्दा उता फर्केर बोल्दैन । बोल्दा पनि झर्किएर बोल्छ । अरुलाई आदर गरेर बोल्दैन । बोल्दा गाली शब्द बोल्छ । त्यसैले उसलाई कसैले मन पराउँदैनन् । तिमीहरू चाहिँ त्यस्तो हुनुहुँदैन है ।

**शिक्षक** : नमस्कार है सबैमा । के विषयमा कुरा हुँदै थियो कुन्नि ?

**सबै** : ए, किरण सर पो हुनुहुँदो रहेछ, नमस्कार सर ।

शीला : सर, हामी भाषाको महत्त्वका बारेमा बोल्दै थियौँ । हजुरले हिजो कक्षामा सिकाउनु भएको विषय नै हो ।

**शिक्षक** : ए, ल ठिक छ । मलाई पनि खुशी लाग्यो ।

**तायाहाङ** : सर, मलाई एउटा खुलदुली छ कि हाम्रो भोजपुर नगरपालिकामा कुन कुन भाषा बोलिन्छन् होला ?

**शिक्षक** : ठिक प्रश्न सोध्यौ ताया तिमीले । सुन, भोजपुर नगरपालिकामा नेपाली भाषा, राई बान्तावा भाषा, नेपाल (नेवारी) भाषा, तामाङ भाषा, शेर्पा भाषा, मगर भाषा, गुरुङ भाषा, दुङमाली भाषा, चाम्लिङ भाषा, लिम्बू भाषा, भूजेल भाषा आदि बोल्ने समुदायको बसोबास रहेको छ तर धेरैजसोले नेपाली भाषा नै बोल्ने गरेको पाइन्छ । दैनिक बोलीचालीमा हेर्ने हो भने नेपाली भाषाबाहेक यहाँ नेवारी समुदायले नेपाल भाषा, राई समुदायले बान्तावा भाषा, तामाङ समुदायले तामाङ भाषा, शेर्पा समुदायले शेर्पा भाषा बोल्ने गरेको पाइन्छ । यी सबै भाषाहरू महत्त्वपूर्ण छन् । सबैको संरक्षण गर्नुपर्छ ।

**अङ्कल** : कुरा मिठा थिए । सुन्दासुन्दै स्कुल पनि आएछ । मेरो छुट्ने बाटो पनि आइपुगेछ । अब छुटौँ ।

**सबै** : हवस् अङ्कल अब छुटौँ । तपाईँको दिन शुभ रहोस् ।

**अङ्कल** : धन्यवाद ।

**शीला** : किरण सर, आज प्रार्थना लाइनमा मेरो बोल्ने पालो छ । म भाषाको महत्त्वका बारेमा बोल्दा हुन्छ ?

**शिक्षक** : स्याबास ! हो, त्यसै गर्नु । तायाहाङले शीलालाई बोल्न सघाउने छ है ।

**सबै जना** : अब हामी पनि छुटौँ । (सबैजना विद्यालयको गेटभित्र प्रवेश गर्छन् )

## अभ्यास

### १. खालीठाउँमा सुहाउँदो शब्द छानी भर्नुहोस् :

धन्यवाद, नमस्कार, शुभकामना, स्वागत, कृपया

चन्द्रमा : काठमाडौंबाट काका पो आइपुग्नु भएछ । ............. काका ।
हजुरलाई हाम्रो घरमा ............... छ ।


काका : नानीले मलाई स्वागत गर्नुभयो, नानीलाई धेरै .................. छ ।

चन्द्रमा : कृपया यो कुर्सीमा बस्न अनुरोध गर्दछु ।

काका : यो सहयोगका लागि धन्यवाद छ । नानीको राम्रो प्रगति होस्, ......... छ ।

### २. शिक्षकको सहयोगमा तल दिइएका शब्दहरू प्रयोग गरी साथीसँग शिष्टसँग बोल्ने संवादको अभिनय गर्नुहोस् :

नमस्कार, स्वागत, धन्यवाद, कृपया, हजुर, शुभकामना



### ३. ठिक बेठिक छुट्याउनुहोस् :

(क) सबै भाषाहरू उत्तिकै महत्त्वपूर्ण हुन्छन् । ( )

(ख) भाषा हाम्रो महत्त्वपूर्ण सम्पत्ति हो । ( )

(ग) अरुलाई आदर नगरी बोल्ने मानिसलाई सबैले मनपराउँछन् । ( )

(घ) नेवारी समुदायले बान्तावा भाषा बोल्ने गर्दछन् । ( )

## ४. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(अ) भोजपुर नगरपालिकामा कुन कुन भाषा बोल्ने समुदायको बसोबास रहेको छ ?

(आ) कस्तो बोल्ने मानिसलाई कसैले मन पराउँदैनन् ?

## ५. दिइएको वाक्यलाई उपयुक्त कोठामा भर्नुहोस् :

अरुलाई सम्मान गरेर बोल्ने बानी ।

रिसाउँदै झर्केर बोल्ने बानी ।

गाली शब्दहरू बोल्ने बानी ।

हाँसीखुशी साथ बोल्ने बानी ।

ढाँटेर बोल्ने बानी ।

बोल्दै नबोल्ने बानी ।

अरुलाई आदर र सत्कार गरेर बोल्ने बानी ।

साथीलाई हेपेर बोल्ने बानी ।

| **राम्रो बानी** | **नराम्रो बानी** |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

## ६. भाषा सिकौँ :


शिक्षक र साथीहरूसँग मिलेर भोजपुर नगरपालिका भित्र बोलिने विभिन्न भाषामा प्रयोग हुने विभिन्न शब्दहरू सिकौँ :

भोजपुर नपामा

| बोलिने भाषा | - | प्रयोग हुने शब्द | | | |
|---|---|---|---|---|---|
| | | **"स्वागतम"** | **"नमस्कार"** | **"धन्यवाद"** | **"साथी"** |
| नेपाली | - | स्वागतम | नमस्कार | धन्यवाद | साथी |
| राई बान्तावा | - | तोम्लाङ्ने | सेवा | आलाङ्ने | यावा |
| नेपाल भाषा (नेवारी) | - | लसकुस | ज्वोज्वोलपा | सुभाय: | पासा |
| तामाङ | - | डेनमुला | फ्याफुल्ला | थुजेछे | रो |
| शेर्पा | - | फेपरोनङ | टसिदेले | धुजिछे | |
| गुरुङ | - | छ्याँल्लेखो | छ्याजलो | ओर्छे | थ्यु |
| लिम्बू | - | लाम्दाक | सेवारो | नोगेन | तेङ्बा |
| दुङ्माली | - | सेउटुप | सेउ | आलाङ्ने | |
| मगर | - | ............ | झोर्ले | जिलउ/चोङ्सु | लाफा |

### ७. क्रियाकलाप गरौँ :

सबैले पालैपालो आआफ्नो मातृभाषामा "नमस्कार साथी, यहाँहरूलाई स्वागत छ, धन्यवाद" भन्नुहोस् ।



## पाठ ३ : धान नाच, च्याब्रुङ नाच र तमुल्होसार

### धान नाच

यहाँ देखिएको फोटो धान नाच हो । यो नाच लिम्बू जातिको एक प्रसिद्ध लोकनृत्य हो । यसलाई लिम्बू भाषामा यालाङ अथवा यालक्मा भनिन्छ । यसमा सबै जना गोलो घेरामा वा सिधा लामबद्ध उभिएर आपसमा हात समाएर नाच्ने गरिन्छ । यस नृत्यसँग गाइने गीतलाई पालाम भनिन्छ । विशेष गरी यो नाच लिम्बूहरूको उधौली पर्वको



अवसर पारेर मङ्सिर महिनामा नाच्ने परम्परा रहेको पाइए पनि हाल अन्य जुनसुकै उत्सव, भेटघाट तथा चाडपर्वहरुमा समेत नाच्न थालिएको छ । धान नाच हाडनाता पर्ने चेलीमाइतिको साइनो पर्नेबाहेक अरु नाता पर्ने साथीभाइ वा कुटुम्बसँग नाच्ने परम्परा रहेको पाइन्छ ।

### च्याब्रुङ नाच



च्याब्रुङ लिम्बू समुदायको परम्रागत लोकबाजा हो । लिम्बू समुदायका मानिसहरू आफ्नो उधौली र उभौली पर्वलगायत खुसियालीका अवसरमा यो बाजा बजाएर च्याब्रुङ नाच नाच्ने गर्दछन् । मादल जस्तै ठुलो काठको ढुङ्ग्रोमा दुवैतिर पातलो छाला मोडेर बनाइने यो बाजामा खरीको प्रयोग गरिँदैन । लिम्बू समुदायमा विवाह, घरपैँचो जस्ता शुभकार्य तथा उत्सवका अवसरमा विभिन्न ताल र लयमा च्याब्रुङ बजाएर नाचिन्छ । यसको साथमा झ्याम्टा पनि बजाइन्छ ।

## तमु ल्होसार

तमु ल्होसार गुरुङ जातिको ठुलो चाड हो । तमु शब्दले गुरुङ समुदायलाई चिनाउँछ भने ल्होसार भनेको नयाँ वर्ष हो । तमु ल्होसार पुस महिनाको १५ गते मनाउने प्रचलन रहेको छ । यस दिन नेपाल सरकारले सार्वजनिक बिदा दिने चलन छ ।



तमु ल्होसारका दिन नयाँ वर्षको खुशी र उत्सव मनाउने गरिन्छ । यस अवसरमा पूजापाठ, भोजभतेर, नाचगान, ढोगभेट, आशीर्वाद आदानप्रदान गर्दै नाता कुटुम्बलाई बोलाएर भोज खुवाएर धुमधामसँग मनाइन्छ । गुरुङ महिलाहरूले शिरबन्दी, मखमली चोली, घलेक, पटुकी र छिट्को गुन्यु लगाउने परम्परा छ भने गुरुङ पुरुषहरूले शिरमा टोपी, भोटोमाथि भाङ्ग्रो र त्यसको साथमा कछाड र पटुकी बाँध्ने चलन छ । यस समुदायमा घाटु, सोरठी तथा कौडा नाचका साथमा आफ्नो परिवार र साथीभाइसँग रमाइलो गर्ने चलन रहेको छ । तमु ल्होसारको अवसरमा देश विदेशमा रहने सबैसँग शुभकामना आदानप्रदान गर्ने परम्परा रहेको छ ।

### अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| समूह क | समूह ख |
|---|---|
| हात समाएर नाचिने | ल्होसार |
| धान नाचसँग गाइने | भाङ्ग्रा |
| विभिन्न तालमा बजाइने | धान नाच |
| गुरुङ जातिको नयाँ वर्ष | घलेक |
| गुरुङ महिलाले लगाउने | पालाम |
| गुरुङ पुरुषले लगाउने | च्याब्रुङ |
| नयाँ वर्ष | तमु ल्होसार |

## २. ठिक बेठिक छुट्याउनुहोस् :

(क) च्याब्रुङ एक प्रकारको बाजा हो । ( )

(ख) धान नाच उभौलीको वैशाख महिनामा नाचिन्छ । ( )

(ग) तमु ल्होसार मङ्सिर महिनामा पर्दछ । ( )

(घ) कौडा नाच गुरुङले नाच्छन् । ( )

(ङ) घाटु र सोरठी लिम्बू जातिसँग सम्बन्धित छ । ( )

## ३. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(अ) धान नाचको परिचय लेख्नुहोस् ।

(आ) च्याब्रुङ कुन अवसरमा बजाउने गरिन्छ ?

(इ) तमु ल्होसार कसरी मनाइन्छ ?

## ४. परियोजना कार्य :

माथि दिइएको पाठमा लिम्बू जाति र गुरुङ जातिको चाडपर्वका बारेमा चर्चा गरिएको छ । हाम्रो भोजपुर नगरपालिकामा राई, क्षेत्री, ब्राह्मण, तामाङ, नेवार, शेर्पा, मगर, दलित समुदाय, भुजेल, गुरुङ, लिम्बू आदि सबै जातिको बसोबास रहेको छ । त्यसैले शिक्षक र आफ्ना घरका अभिभावकको सहयोग लिई निम्न **परियोजना कार्य** तयार पारी शिक्षकलाई बुझाउनुहोस् :

पालिकाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने चाडपर्वको सूची

| क्र.स. | जातिको नाम | मनाउने मुख्य चाडपर्वको नाम | मनाउने समय (महिना/तिथि) |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| .... | | | |

तयारकर्ताको नाम : ...............................

## ५. तपाईंले मनाउने मुख्य चाडपर्वको नाम लेखी त्यसको मनाउने मिति, समय र तरिका लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### ६. केही किराँती मौलिक गहना तथा पहिरनको नाम चिनौं :



लिम्बू जातिको सिलामसाक्मा




राई जातिको बुन्छत



धजुरा



पेचुरी

### ७. गुरुङ जातिका साँस्कृतिक पहिरनको नाम चिनौं :



महिलाले लगाउने घलेक



पुरुषले लगाउने भाङ्ग्रा




पैसाको माला (हारी)



बुनेको काँधे झोला



पुरुषले लगाउने कछाड



महिलाले लगाउने शिरबन्दी

## ८. खाली ठाउँ भर्नुहोस् :

सिलाम साक्मा, कछाड, बुन्छत

(क) ............. राई जातिको सामग्री हो ।

(ख) ............ लिम्बू जातिले बढी प्रयोग गर्छन् ।

(ग) ............ गुरुङ जातिको एक पहिरन हो ।

# एकाइ ४: आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय र प्रविधि









**सिकाइ उपलब्धि :**

- आफनो वडा र पालिकाभित्रका मानिसहरूको कृषिमा आधारित मुख्य आयस्रोतका क्षेत्रहरूको सूची प्रस्तुत गर्न,
- आफनो वडा र पालिकाभित्र बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका विभिन्न पेसा तथा व्यवसायहरूको वर्गीकरण गर्न,
- नगरपालिका तथा जिल्ला स्तरीय रैथाने प्रविधिहरू (नाङलो, डालो, फिपी, घुम, भुने, थुन्से, भकारी, छपनी, पेचा, फूर्लुङ, पेरुङ्गो बुन्ने, चँदारो ठेका, ठेकी, हर्पे, कठुवा, मदानी बनाउने) को परिचय दिई महत्त्व बताउन
- भोजपुरे खुकुरी चिन्न र इतिहास बताउन,
- भोजपुरे खुकुरीको विगत र वर्तमान अवस्थाबारे फरक बताउन,

**कार्यघण्टा : २५**

# पाठ १ : सम्मान हाम्रा पेसालाई

हेर साथी हेर सँगी केही त गर्नुपर्छ ।
पसिनाले माटो भिजाई श्रम गर्नुपर्छ ॥

गर्‍यौँ भने खेतीकिसान, फल्छ अन्न बाली ।
दूध, मासु, अण्डा पाउँछौँ, पशुपन्छी पाली ॥

खाने बाली खाद्यान्न हो, बेचे त्यही नगद ।
यी बालीमै निर्भर छ, सारा धर्ती जगत् ॥

अलैँची र रुद्राक्ष हो, नगद आउने खेती ।
मेहनतअनुसार फल्यो भने, रुपैयाँ कत्ति कत्ति ॥

फल बेचे नगद आउँछ , जमिन नहोस् खाली ।
धान, मकै, गहुँ, जौ, कोदो अन्न बाली ॥

व्यावसाय व्यापारमा इलम गर्नु राम्रो ।
फरक हामी फरक सिप चिनारी हो हाम्रो ॥

उद्योगले रोजगार दिन्छ, आफू अरुलाई ।
अल्मलिँदै सिप लुकाई बस्नेहरूलाई ॥

स्वदेशी र विदेशी हो, रोजगार घर धान्ने ।
जुन मन पर्छ त्यसैलाई, ईच्छा अनुसार छान्ने ॥

## अभ्यास

**१. तलका वाक्यहरू ठिक भए (√) चिह्न र बेठिक भए (×) लगाउनुहोस् :**

(क) हाम्रै खेतबारीमा धान, मकै, फापर, कोदो, गहुँ, जौ, आलु आदि फल्दछन् ।( )

(ख) धान, मकै, फापर, कोदो, गहुँ, जौ, आलु खाद्यान्न हुन् ।( )

(ग) व्यवसायमा व्यापार कुनै इलम नै होइन । ( )

(घ) स्वदेशी वा विदेशी रोजगारी जुनै भए पनि रोजगारीबाट आएको पैसाले हाम्रो घर धान्ने काम गर्दछ ।( )

**२. कविता पढी उत्तर लेख्नुहोस् :**

(क) श्रमले माटो भिजाई के गर्नुपर्छ ?

(ख) पशुपन्छी पाल्यौँ भने केके पाउन सकिन्छ ?

(ग) कस्तो बालीलाई खाद्यान्न बाली भनिन्छ ?

(घ) रुद्राक्ष, अलैँची, चिराइतो कस्ता बाली हुन् ?

(ङ) उद्योगले हामीलाई के दिन्छ ?

**३. साथी र शिक्षकसँग छलफल गरी उत्तर लेख्नुहोस् :**

(क) पसिनाले माटो भिजाउन सके के हुन्छ ?

(ख) पाँचवटा नगदेबालीका नाम लेख्नुहोस् ।

(ग) रोजगार मुख्यतया कति किसिमको हुन्छ ?

(घ) पाँचवटा अन्नबालीका नाम लेख्नुहोस् ।

(ङ) हामी खाद्य तथा नगदे बालीमा निर्भर छौँ, कसरी ?

**४. हाम्रो वरिपरि गरिने पेसा तथा व्यवसायको कुन कुन प्रकारका हुन्छन् ? अभिभावकसँग सोधी लेखेर ल्याउनुहोस् ।**

# पाठ २ : हाम्रा पुराना सिपहरू



मान्छेको दिमाग र  हातको साहाराले काम गर्ने कलाले भरिएको शैली नै सिप हो । हाम्रो कुनै पनि काम गर्ने इच्छा हुनुपर्छ । त्यो काम गर्ने निरन्तर अभ्यासले सिपको विकास गराउँदछ । काम गर्ने सिपले नै आजसम्म हामी मानिस बाँचिरहेका छौँ । मानिससँग काम गर्ने विभिन्न खालका सिपहरू हुन्छन् । कोही कम्प्युटर चलाउने जस्ता नयाँ सिपले बाँचिरहेका छौँ त कोही पुराना सिपले नै हामी बाँचिरहेका छौँ ।

**स्थानीय रैथाने सिप र प्रविधिहरू :**

हाम्रै वरिपरि हामीलाई काम लाग्ने चिज, वस्तु तथा सामानहरू थुप्रै छन् । ती सामानहरूलाई हाम्रै वरिपरिका मानिसमा भएको सिपको प्रयोग गरी हाम्रा लागि काम लाग्ने सरसामान तयार गर्ने तरिकालाई स्थानीय रैथाने प्रविधि भनिन्छ । जस्तै : दूधबाट छुर्पी बनाउने, लोकल कुखुराबाट तिते बनाउने, हरिया सागबाट गुन्द्रुक तथा मुलाबाट सिन्की बनाउने, मकैबाट सातु बनाउने  आदि तरिका स्थानीय रैथाने प्रविधिमा पर्दछ । भोजपुर नगरपालिका तथा भोजपुर जिल्लाका केही स्थानीय रैथाने प्रविधिहरूको छोटकरीमा वर्णन गरिएको छ :

**(क) नाङ्लो :**



घरमा चामल दाल केलाउने बेलामा नाङलोको खोजी हुन्छ । नाङ्लो भन्ने बित्तिकै बाँसको चोयाबाट बनेको, हलुँगो खालको चामल र भुस छुट्याउन दुई हातले चलाइने घरेलु साधन बुझिन्छ । अरु अन्न तथा दाल, तोरी, फिलुङ्गे जस्ता खाद्य सामग्रीहरू केलाउन पनि नाङ्लो नभई हुँदैन । नाङ्लो स्थानीय स्तरमै बनाइने तथा सबैलाई चाहिने, स्थानीय रैथाने प्रविधिहरू मध्येको एक हो ।

बेँसीतिर मलिबाँस/मालबाँस प्रशस्त पाइन्छ। त्यो बाँसको चोया काढेर नाङ्लो बुन्ने गरिन्छ । हाम्रै वरिपरि पाइने बाँसको चोयाबाट नाङ्लो बुन्न सिप भएका मानिसहरूले तयार गर्न सक्ने भएकाले यो त्यति धेरै महँगो पनि पर्दैन । घरमा नभई नहुने सामानमा नाङ्लो एक हो । घरैमा बनाई घरको आवश्यकता टारेर तथा यसलाइ बेचेर मनग्य पैसा आर्जन पनि गर्न सकिन्छ ।

**(ख) डालो :**



डालो नाङ्लोको साथी हो । गाउँघरतिर अझै पनि धान, मकै, चामल, गहुँ, तोरीलगायतका अन्नहरू राख्न यसको प्रयोग गरिन्छ । छोटो समय अन्नलाई राख्न र बोक्नको लागि डालो साह्रै सजिलो साधन हो । यो बोक्नका लागि हलुका र राख्नका लागि सजिलो हुन्छ ।

डालो पनि बाँसको चोयाको बनाइन्छ । डालोसम्बन्धी सिप भएको मानिसले बाँसको चोयालाई मेहनत साथ काढेर डालो बुन्ने गर्दछ। गाउँघरका मानिसले गाउँघरकै साधनबाट डालो बनाउने भएकाले यो त्यति महँगो पर्दैन। घरायसी काममा डालो काम लाग्ने औजार हो ।

**(ग) फिपी :**



फिपी गाउँतिर कुनै हलुका किसिमका वस्तु वा सामानहरू जतन साथ बोक्नका लागि प्रयोगमा ल्याइन्छ । सेलरोटी, जेरी, चिउरा, अण्डा, केरा आदि फुट्न्, बिग्रिने वस्तुहरू फिपीमा हिफाजतसाथ बोक्न सकिन्छ। गाउँघरतिर अझै पनि कोशेली तथा पारसल बोक्नका लागि फिपीको प्रयोग गरिन्छ ।

फिपी पनि बाँसको चोयाबाट नै यससम्बन्धी सिप भएका मानिसहरूले बनाउने गर्दछन् । फिपीको प्रयोग पनि दैनिक जीवनमा उत्तिकै हुने गर्दछ । यसको निर्माण पनि बाँस र बाँसको चोयासम्बन्धी सिप भएको मानिसले गर्दछन् ।

**(घ) पेरुङ्गो :**




पेरुङ्गो गाउँघरमा कुखरा तथा सुँगुर, बाखाका पाठापाठी आदि बोक्नका लागि बुनेर बनाइने सामग्री हो । यी कुखुरा तथा पाठापाठीलाई सुरक्षित र नउम्किओस् भन्नका लागि पेरुङ्गो चलाउने गरिन्छ । सुन्तला, सुकुटी, लसुन जस्ता सामान जतनसाथ बोक्न र राख्नका लागि पनि पेरुङ्गो प्रयोग गर्न सकिन्छ ।

पेरुङ्गो बाँसको चोयाबाट बुनेर बनाइन्छ । बाँसको चोया स्थानीय स्थानमा पाइने भएकाले पेरुङ्गो बुन्नका लागि सजिलो छ । पेरुङ्गो बुन्ने सिप चाहिँ सिक्नुपर्ने हुन्छ ।

## अभ्यास

**१. तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् :**

(क) बाँस हाम्रै वरिपरिका बारी जङ्गलमा पाइने वनस्पति हो । ( )

(ख) चोया काठबाट बनाउन सकिन्छ । ( )

(ग) बाँसको चोयाबाट नाङ्लो, डालो, फिपी, भुने, थुन्से, भकारी, छपनी, पेचा, फुर्लुङ, पेरुङ्गो, कोलोङ्गो बुन्न सकिन्छ । ( )

(घ) बाँसको नाङ्लो, डालो, फिपी, भुने, थुन्से, भकारी, छपनी, पेचा, फुर्लुङ, पेरुङ्गो, कोलोङ्गो बुन्न सिप नभए पनि हुन्छ । ( )

**२. माथिको पाठ पढी उत्तर लेख्नुहोस् :**

(क) नाङ्लो के कामका लागि प्रयोग गरिन्छ ?

(ख) बाँसका चोयाबाट हामीलाई चाहिने केके सामानहरू बनाउन सकिने रहेछ ?

(ग) फिपी केकस्ता कामका लागि चाहिने सामान हो ?

(घ) तपाईँले घुम देख्नु भएको छ ? घुम के कामका लागि चलाइन्छ ?

(ङ) नाङ्लो र डालो किन हाम्रा लागि आवश्यक छन् ?

**३. साथी र शिक्षकसँग छलफल गरी उत्तर लेख्नुहोस् :**

(क) नाङ्लो, डालो, फिपी, पेरुङ्गो जस्तै अरु के के घरायसी सामानहरू बाँसका चोयाबाट बनाउन सकिने रहेछ ?

(ख) हाम्रा वरिपरि रहेका सामानलाई हाम्रै सिप प्रयोग गरी कसरी पैसा कमाउन सकिन्छ ?

(ग) तपाईँको घरमा भकारी छ ? आमाबुवालाई सोधेर लेखेर ल्याउनुहोस् ।

(घ) फुर्लुङ देख्नुभएको छ ? शिक्षक तथा आमाबुवालाई सोधखोज गरेर लेख्नुहोस् ।

**४. तपाईँले हाम्रा छरछिमेकमा गाउँकै सिप र वस्तुबाट बनाइने के कस्ता सामानहरू देख्नुभएको छ ? नाम टिपेर छलफल गर्नुहोस् ।**

# पाठ ३ : चँदारो



काठसम्बन्धी पुरानो सिप भएको मानिसहरूको समूहलाई चँदारो भनिन्छ । परम्परागत रुपमा यो पेसा विश्वकर्मा जातिका काष्ठसिल्पीहरूले अपनाउने गर्थे । धातु र प्लास्टिकका भाँडाकुँडाको आविष्कार हुनुपूर्व काठका भाँडावर्तन बनाउने र चलाउने चलन थियो । त्यो समयको सोच र प्रविधिअनुसार मानिसलाई चाहिने धेरै खालका घरेलु भाँडाकुँडा काठबाट बनाइन्थ्यो । काठका सामान बनाउने प्रविधिसँगै माटोका भाँडा र पातका टपरा, दुनालगायत सामान बनाई मालमत्ताको खाँचो टार्ने गरिन्थ्यो । काठबाट बनेका भाँडाकुँडाको भने त्यो बेला छुट्टै महत्त्व थियो । काठबाट बनेका भाँडाकुँडा हलुका, टिकाउ, सफा, वरिपरि नै बनाउन सकिने भएकाले सबैले रोजेर चलाउने गर्थे ।



वनजङ्गलमा पाइने कडा, टिकाउ र नफुटुने जातका काठबाट चँदारोले ठेका, ठेकी, हर्पे, कठुवा, कुपी, अम्खोरा, मग, मदानी, दुँधेरो, मादलको ढुङ्ग्रो, माहुरीको मुढे घार, ढोलको ढ्वाङलगायत थाल, प्लेट, कचौरा, माना, पाथी, कुरुवा आदि धेरै मालमत्ता बनाउँछन् । हाल यो सिपबाट बार्दली तथा भऱ्याङका बुट्टाहरू पनि बनाउन सकिन्छ । पहिला पहिला चँदारा पेसाको आवश्यकता घरायसी मालमत्ताको गर्जो टार्ने थियो । अहिले भने पुराना सिप र नयाँ कौशलको प्रदर्शनको रुपमा यस सिपलाई लिने गरिएको छ ।



## अभ्यास

१. जोडा मिलाउनुहोस् :

| समूह क | समूह ख |
|---|---|
| ठेका | चामल |
| हर्पे | दही |
| टपरा | घिउ |
| पाथी | प्रसाद |

२. साथी र शिक्षकसँग छलफल गरी उत्तर लेख्नुहोस् :

(क) चँदारोले केको काम गर्ने गर्दछन् ?

(ख) काठबाट बनेका सामानहरू किन लोकप्रिय थिए ?

(ग) ठेका देख्नुभएको छ ? ठेका के कामका लागि प्रयोग गरिन्छ ?

(घ) चँदारोले कस्ता काठबाट सामानहरू बनाउने गर्छन् ?

(ङ) चँदारोले बनाउने सामानहरूको सूची बनाउनुहोस् ।

३. तपाईंको घर तथा छिमेकमा चँदाराले बनाएका केके सामानहरू छन् ? अभिभावकसँग सोधेर नाम टिपेर ल्याउनुहोस् र कक्षामा शिक्षक र साथीहरूसँग छलफल गर्नुहोस् ।

४. चँदारोले प्रयोग गर्ने प्रविधिबाट अहिले घरका बार्दलीका बुटा तथा फर्निचरका सामानहरू बनाउन सकिन्छ । यस भनाइबारे कक्षामा छलफल गरी एक अनुच्छेद लेख्नुहोस् ।

# पाठ ४ : वीरतामा चिनिएको खुकुरी

वीरतामा खुकुरीको
चिनारी छ आफ्नै ।
संसारमा गोरखालीको
गौरव इतिहास राख्ने ॥



भोजपुरमा बन्ने बुदुना जातको खुकुरी

खुकुरीको धारदेखि,
वैरी टाढा भाग्थे ।
शरण परी गोरखालीलाई
ज्यानको भिख माग्थे ॥



भोजपुरमा बन्ने बाँसपाते जातको खुकुरी



भोजपुरमा बन्ने सिरुपाते जातको खुकुरी

सगरमाथा शिखरसँगै,
खुकुरीको सान ।
विश्वमा वीर गोरखालीले,
पाए सम्मान ॥



भोजपुरमा बन्ने ब्यालेन्स जातको खुकुरी

नेपालमा भोजपुर हो,
खुकुरीको जिल्ला ।
रगत र पसिनाले,
जोगाएका किल्ला ॥



भोजपुरमा बन्ने ड्रागन जातको खुकुरी

## भोजपुरे खुकुरीको इतिहास :



भोजपुर जिल्लामा हालको टेम्केमैयुङ गाउँपालिकाको टेम्के सेल्मे आसपासमा फलाम खानी रहेको र उक्त फलाम खानीबाट फलाम ल्याएर सोही ठाउँ आसपासका विश्वकर्मा र किराँत राईहरूले खुकुरी बनाउने गरेको इतिहास भेटिन्छ । सो समयमा युद्धको माध्यमबाट राज्यविस्तारको काम हुने भएकाले राजाहरूले सिपाहीहरूलाई दिने हतियारहरूमध्ये खुकुरी एक हतियार थियो । नेपाल–अङ्ग्रेजको युद्ध तथा प्रथम र दोस्रो विश्वयुद्धमा भोजपुरमा बनाइएको बुदुना खुकुरी युद्ध कौशलका साथ चलाउने परम्परा थियो । यसका साथै घरेलु हतियारका रूपमा पनि खुकुरीलाई प्रयोग गर्ने गरिन्थ्यो ।

भोजपुरमा बुदुना जातको खुकुरी नै भोजपुरको पुरानो र मौलिक जातको खुकुरी रहेको मानिन्छ । यसको विशेषता छोटो, छरितो र सतङ्गो हुँदा दोस्रो विश्वयुद्ध साथै त्यस्तै अन्य युद्धमा ज्यादै उपयोगी भएको साथै छोटो भए पनि गहकिलो कदका कारण बल पर्ने भएकाले यो उपयोगी मानिन्थ्यो ।



हाल भोजपुर नगरपालिका वडा नं. ५ बोखिम निवासी महेन्द्रकुमार विश्वकर्माका पूर्खाहरूबाट बुदुना जातका भोजपुरे खुकुरी स्थानीय रैथाने फलाम र प्रविधिबाट बन्ने गर्दथ्यो । वि.सं. २०१३ साल माघ १२ गते राजा महेन्द्र भोजपुर सवारी हुँदा भोजपुरे खुकुरी चढाए बापत उनका बुबा सिंहबहादुर विश्वकर्माले राजाबाट बक्सिस् स्वरुप नगद इनामसमेत प्राप्त गरेका थिए । अहिले पनि उनका छोरा ज्ञानेन्द्रबहादुर विश्वकर्मा र नातिबाट महेन्द्र खुकुरी उद्योगको नामबाट आफ्नै थाकथलोमा रैथाने प्रविधिबाट खुकुरी उत्पादन भइरहेको छ ।

अहिले नेपालका प्रत्येक जिल्ला कुनै एक उत्पादनसँग जोडिएर चिनिने गरेको छ । जसमा भोजपुर जिल्लालाई खुकुरीको जिल्ला भनेर हेर्ने गरिन्छ । त्यसकारण पनि भोजपुरे खुकुरीको माग र निर्माणमा वृद्धि भइरहेको छ ।

## अभ्यास

**१. तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् :**

(क) पहिले टेम्के सेल्मे आसपासबाट फलाम ल्याएर भोजपुरे खुकुरी बनाइन्थ्यो । ( )

(ख) भोजपुरे खुकुरी चढाएबापत सिंहबहादुर विश्वकर्माले राजाबाट नगद इनाम पाएका थिए । ( )

(ग) भोजपुरको पुरानो विशेषताको खुकुरी बुदुना जातको खुकुरी हो । ( )

(घ) खुकुरीको भोजपुर जिल्लासँग कुनै सम्बन्ध छैन । ( )

**२. माथिको पाठ पढी उत्तर लेख्नुहोस् :**

(क) भोजपुरमा कुनकुन प्रकारका खुकुरी उत्पादन हुन्छन् ?

(ख) भोजपुरको सबैभन्दा पुरानो खुकुरी कुन जातको खुकुरीलाई मानिन्छ ?

(ग) पहिले पहिले खुकुरीलाई कुन कुन कामका लागि प्रयोग गर्ने गरिन्थ्यो ?

(घ) भोजपुरको कुन ठाउँमा फलाम खानी रहेको थियो ?

(ङ) राजा महेन्द्रले भोजपुर सवारीका क्रममा कहिले, कसलाई किन बक्सिस दिएका थिए?

**३. तल दिइएका विषयमा साथी र शिक्षकसँग छलफल गर्नुहोस् र छलफलका कुरा कापीमा लेख्नुहोस् :**

(क) भोजपुरको चिनारी भोजपुरे खुकुरी हो ।

(ख) खुकुरी नेपालीको वीरताको इतिहाससँग जोडिएको छ ।

(ग) खुकुरी निर्माण पनि राम्रो सम्भावना रहेको स्थानीय सिप र प्रविधिमा आधारित व्यवसाय हो ।

(घ) व्यापारिक रुपमा आयातित खुकुरीले भोजपुरमा निर्माण हुने खास खुकुरीको मौलिकता माथि सङ्कट ल्याइदिन सक्छ ।

**४. तपाईँहरूको छरछिमेकमा खुकुरी बनाउने सिप भएका मानिसहरू हुनुहुन्छ ? यदि हुनुहुन्छ भने तपाईँका अभिभावकको सहयोगमा ती खुकुरी बनाउने मानिसले कुन कुन खालका खुकुरी र घरेलु हतियार बनाउनुहुन्छ ? सोध्नुहोस् र कापीमा टिपेर त्यसलाई कक्षाकोठामा शिक्षक तथा साथीहरूसित छलफल पनि गर्नुहोस् ।**

## भोजपुरे खुकुरीको वर्तमान अवस्था :


महेन्द्रकुमार विश्वकर्मा खुकुरी उद्योग

भोजपुर नगरपालिका क्षेत्रमा हाल विभिन्न खुकुरी उद्योगहरू स्थापना भई ती उद्योगहरूबाट भोजपुरे खुकुरीको व्यावसायिक उत्पादन भइरहेको छ । तीमध्ये भोजपुर नगरपालिका वडा नं. ५ बोखिम स्थित महेन्द्रकुमार विश्वकर्माद्वारा सञ्चालित महेन्द्र खुकुरी उद्योग, भोजपुर नगरपालिका वडा नं. ९ छाप्री स्थित चित्रबहादुर कामी खुरिला खुकुरी उद्योग, भोजपुर नगरपालिका वडा नं. ७ स्थित रञ्जिता खुकुरी उद्योग प्रमुख हुन् । ती उद्योगहरूबाट बुदुनालगायत उपभोक्ताका मागअनुसार बाँसपाते, सिरुपाते, चित्लाङ्गे, आरुघाटे जस्ता आकारका आधारमा विभिन्न जातका खुकुरी उत्पादन हुने गरेका छन् ।


चित्रबहादुर कामी खुरिला खुकुरी उद्योग

यस्ता खुकुरीको माग स्थानीय स्तरदेखि नेपालका सुदूरपश्चिम प्रदेशसम्म र विदेशमा भारत, अमेरिका, युरोप र दक्षिण अफ्रिकासम्म रहेको छ । भोजपुरे खुकुरी भोजपुर भ्रमणमा आउने पर्यटकले चिनो स्वरुप लाने र विभिन्न अतिथिलाई मायाको चिनो स्वरुप दिने गरिएको छ ।

वर्तमान समयमा खुकुरीको प्रयोग युद्धका लागि होइन विजय इतिहासको सानका लागि हुने गरेको छ । भोजपुर जिल्लाको पहिचान र राष्ट्रको गौरवका लागि यसको प्रयोग बढिरहेको छ । यसका साथै घरायसी काम, कृषि प्रणालीमा औजारका रुपमा, पूजा बली दिन तथा कोठा र च्याकहरूमा सजाउनका लागि भोजपुरे खुकुरीको प्रयोग भइरहेको र त्यसको माग पनि दिनदिनै बढिरहेको छ ।


बिक्रीका लागि राखिएका खुकुरी

भोजपुरे खुकुरीको पुरानो चिनारी बोकेको बुदुना जातको खुकुरीको माग अरु प्रकारका खुकुरीको तुलनामा धेरै रहेको छ । बुदुना बाहेकका खुकुरीहरूको पनि माग र बिक्री उत्तिकै रहेता पनि ती खुकरीहरू भोजपुरबाहेक नेपालका अन्य स्थानहरूमा पनि निर्माण हुने भएकाले विशेष गरेर बुदुना, बाँसपाते र सिरुपाते खुकुरी नै धेरै मात्रामा बिक्री हुने गरेको छ । खुकुरीको व्यापारमा आधुनिक सूचना तथा सञ्चारप्रविधिले सहयोग गरिरहेको छ । अनलाइन माध्यममार्फत खुकुरी नेपाल र नेपाल बाहिरसम्म पुर्याउन सहज भएको छ ।


रञ्जिता खुकुरी उद्योग र पसल

भोजपुरमा स्थापित खुकुरी उद्योगहरूका अतिरिक्त विभिन्न वडाका टोलहरूमा व्यक्तिगत तवरमासमेत विशेष गरी विश्वकर्मा समुदायका व्यक्तिहरूले सानो सानो सङ्ख्यामा खुकुरी उत्पादन गरिरहेका छन् ।

## अभ्यास

### १. तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् :

(क) नेपाल–अंग्रेजको युद्ध तथा प्रथम र दोस्रो विश्वयुद्धमा भोजपुरमा बनाइएको बुदुना खुकुरी युद्ध कौशलका साथ चलाउने परम्परा थियो ।( )

(ख) घरेलु हतियारका रुपमा खुकुरीलाई लिने गरिँदैनथ्यो ।( )

(ग) भोजपुरमा बुदुना, बाँसपाते र सिरुपाते खुकुरी धेरै मात्रामा बिक्री हुन्छन् । ( )

(घ) पहिला पहिला खुकुरीलाई युद्ध विजयको शानको रुपमा पनि लिने गरिन्थ्यो । ( )

### २. माथिको पाठ पढी उत्तर लेख्नुहोस् :

(क) भोजपुरको चिनारीका रुपमा बन्ने विभिन्न प्रकारका खुकुरीका नाम लेख्नुहोस् ।

(ख) भोजपुरको सबैभन्दा पुरानो खुकुरी कुन जातको खुकुरीलाई मानिन्छ ?

(ग) भोजपुरे खुकुरी नेपालभन्दा बाहिर कहाँसम्म बिक्री हुने गरेको छ ?

(घ) सूचना तथा सञ्चार प्रविधिले खुकुरी व्यापारलाई कसरी सहयोग गरिरहेको छ ?

(ङ) भोजपुरमा बुदुना जातकै खुकरीलाई किन अन्य प्रकारका खुकुरीभन्दा महत्त्वका साथ हेर्ने गरिन्छ ?

**३. तल दिइएका विषयमा साथी र शिक्षकसँग छलफल गर्नुहोस् र छलफलका कुरा कापीमा लेख्नुहोस् :**

(क) भोजपुरको चिनारी भोजपुरे खुकुरी हो ।

(ख) भोजपुरमा खुकुरीको व्यापार गर्न अनलाइन माध्यमले भरपुर सहयोग गरेको छ ।

(ग) खुकुरी व्यापारको सम्भावना पनि भोजपुरमा उत्तिकै राम्रो छ ।

(घ) खुकुरी उत्पादन र व्यापारमा मौलिकता हराउनु भोजपुरे खुकुरीका लागि चुनौति पनि थपिएको छ ।

**४. खुकुरी बनाउने र व्यवसाय गर्ने पेसाको सम्भावना कस्तो देखिन्छ ? छलफल गरी निस्कर्ष लेख्नुहोस् ।**

# एकाइ ५ : स्थानीय संरचना र विशिष्ट व्यक्तित्व







**सिकाइ उपलब्धि :**

- जिल्लाभित्रका स्थानीय तहहरूको सङ्ख्या र नामको सूची बनाउन,
- मुख्यमन्त्री, नगर प्रमुख र उपप्रमुखको नाम बताउन र चिन्न,
- जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखको नाम बताउन,
- आफ्नो वडामा रहेका राजनीतिक, सामाजिक, शैक्षिक क्षेत्रमा योगदान दिने व्यक्तिहरूको नाम चिन्न र बताउन,

**पाठ्यघण्टा** : १६

# पाठ १ : स्थानीय तहको चिनारी

(भोजपुर जिल्लाका स्थानीय तहका बारेमा कक्षा ४ का विद्यार्थीहरू बिच भएको संवाद)

दोर्जे : अनुसा, हिजो गुरूआमाले पढाउनु भएको स्थानीय विषयमा भोजपुर जिल्लाका स्थानीय तहका बारेमा कुराकानी गरौं न !

अनुसा : हुन्छ नि, पढेर, लेखेर आउनु भन्नु भएको थियो, हैन त ?




दोर्जे : हो त । ए अनि तिमीलाई आयो त ?

अनुसा : आउँछ नि, बिस्तारै । पूरै आउन त अब छलफल गरौं न ।

दोर्जे : कति आउँछ भन त ?




अनुसा : ल सुन, भोजपुर जिल्लामा गाउँपालिका ७ ओटा र नगरपालिका २ ओटा गरी जम्मा ९ ओटा स्थानीय तह छन् । दोर्जे तिमी भन त ९ ओटा स्थानीय तहको वडा सङ्ख्या चाहिँ कति रहेको छ ?

दोर्जे : हुन्छ, यो सजिलो प्रश्न मलाई सोध्यौ नि हैन र ? ९ ओटा स्थानीय तहको वडा सङ्ख्या ८१ ओटा छन् ।

अनुसा : हो त, ठिक उत्तर दियौ नि । अब फेरि भन त दोर्जे भोजपुर नगरपालिकामा कति वडा सङ्ख्या रहेका छन् ?

दोर्जे : भोजपुर नगरपालिकामा वडा सङ्ख्या जम्मा १२ ओटा छन् । पवित्रा, भन त भोजपुर जिल्लाका स्थानीय तहमा सबैभन्दा धेरै वडा सङ्ख्या कुन पालिकामा रहेको छ ?

पवित्रा : षडानन्द नगरपालिकामा नि, त्यहाँ जम्मा १४ ओटा वडा छन् । सन्देश, तिमी भन त, सबैभन्दा कम वडा सङ्ख्या भएको स्थानीय तह चाहिँ कुनकुन हुन् नि ?

सन्देश : ६/६ ओटा वडा सङ्ख्या भएका साल्पासिलिछो गाउँपालिका र पौवादुङ्मा गाउँपालिका रहेका छन् ।

पवित्रा : सहि उत्तर भन्यौं ।

दोर्जे : हाम्रो छलफल राम्रो रह्यो । बाँकी विषयबस्तु अर्को भेटमा गरौंला । भोलिको कक्षामा र सधैं नै सबैले राम्रो उत्तर दिने कोसिस गरौं ।

सबैमा धन्यवाद ।

## पढौं र छलफल गरौं :

| क्र.स. | स्थानीय तह | वडा संख्या |
|---|---|---|
| १ | भोजपुर नगरपालिका | १२ |
| २ | षडानन्द नगरपालिका | १४ |
| ३ | हतुवागढी गाउँपालिका | ९ |
| ४ | रामप्रसादराई गाउँपालिका | ८ |
| ५ | आमचोक गाउँपालिका | १० |
| ६ | टेम्केमैयुङ गाउँपालिका | ९ |
| ७ | अरुण गाउँपालिका | ७ |
| ८ | पौवादुङ्मा गाउँपालिका | ६ |
| ९ | साल्पासिलिछो गाउँपालिका | ६ |
| | **जम्मा** | **८१** |

## अभ्यास

### १. खाली ठाउँ भर्नुहोस् :

(क) भोजपुर जिल्लामा नगरपालिकाको सङ्ख्या ..............ओटा रहेको छ ।

(ख) भोजपुर जिल्लामा गाउँपालिकाको सङ्ख्या ..............ओटा रहेको छ ।

(ग) भोजपुर जिल्लाको स्थानीय तहमा जम्मा वडा सङ्ख्या ........रहेको छ ।

(घ) भोजपुर नगरपालिकाको वडा सङ्ख्या ............... रहेको छ ।

(ङ) भोजपुर जिल्लामा धेरै वडा रहेको स्थानीय तह ........................... हो ।

(च) भोजपुर जिल्लामा बराबरी वडा सङ्ख्या रहेका स्थानीय तहहरू .................. र ..................... हुन् ।

## २. जोडा मिलाउनुहोस् :

| स्थानीय तह | वडा सङ्ख्या |
|---|---|
| भोजपुर नगरपालिका | ९ |
| षडानन्द नगरपालिका | ८ |
| रामप्रसादराई गाउँपालिका | १० |
| टेम्केमैयूङ गाउँपालिका | १२ |
| साल्पासिलिछो गाउँपालिका | १४ |
| आमचोक गाउँपालिका | ६ |

## ३. तलको प्रश्नको उत्तर दिनुहोस् :

(क) भोजपुर जिल्लाका नगरपालिका र गाउँपालिका नामको सूची तयार पार्नुहोस् ।

(ख) भोजपुर जिल्लाका कुनकुन स्थानीय तहमा वडा सङ्ख्या बराबरी छन् ?

(ग) तपाईं बस्ने स्थानीय तहको नाम र वडा नम्बर लेख्नुहोस् ।

## परियोजना कार्य :

भोजपुर जिल्लाका स्थानीय तहहरूको नामकरण केकेका आधारमा गरिएको छ ? सोधिखोजी गरी खाली ठाउँमा भर्नुहोस् ।

| नामकरणका आधार | स्थानीय तहको नाम |
|---|---|
| (अ) विशिष्ट व्यक्तित्व | रामप्रसादराई, षडानन्द |
| (आ) डाँडा | ............................ |
| (इ) नदी | ............................ |
| (ई) ठाउँको ऐतिहासिकता | ............................ |
| (उ) अन्य | ............................ |

# पाठ २ : जनप्रतिनिधि

## गीत गाऔँ :

जनताले चुनेका जनप्रतिनिधि
देश विकासमा अघि बढ्ने हाम्रा प्रतिनिधि ।

वडादेखि केन्द्रसम्म जनप्रतिनिधि
विपत्तिमा साथ दिने हाम्रा प्रतिनिधि ।

लोकतन्त्रको सुन्दर पक्ष जनप्रतिनिधि
कानुन बनाई शासन गर्ने हाम्रा प्रतिनिधि ।

जनमतको कदर गर्ने जनप्रतिनिधि
सबको बिचार सुन्ने हाम्रा प्रतिनिधि ॥

## उत्तर भनौँ :

(क) जनताले चुनेका प्रतिनिधि भनेर कसलाई चिनिन्छ ?

(ख) जनप्रतिनिधि कहाँकहाँ छन् ?

(ग) जनप्रतिनिधिले कसरी शासन गर्दछन् ?

(घ) जनप्रतिनिधिले के सुन्ने गर्दछन् ?

## तलको पाठ पढ्नुहोस् :

नेपालका सात ओटा प्रदेशहरूमध्ये कोशी प्रदेश सबैभन्दा पूर्वमा रहेको प्रदेश हो । कोशी प्रदेशमा १४ ओटा जिल्ला छन् । प्रत्येक प्रदेशमा प्रदेश सरकार रहन्छन् । प्रदेश सरकारको नेतृत्व मुख्यमन्त्रीले गरेका हुन्छन् । भोजपुर जिल्ला कोशी प्रदेशको एक जिल्ला हो । जिल्लामा जिल्ला समन्वय समिति रहेको हुन्छ । जिल्ला समन्वय समितिले जिल्लाभित्रका गाउँपालिका र नगरपलिकाहरू बिच समन्वय गर्ने गर्दछ । जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र सदस्यहरू रहने प्रावधान छ ।


जिल्ला समन्वय समितिको कार्यालय, भोजपुर

निर्वाचनको माध्यमबाट जनप्रतिनिधि छनोट भएका हुन्छन् । जनप्रतिनिधि स्थानीय तहदेखि प्रदेश हुँदै सङ्घ सम्मका निर्वाचित हुन्छन् । निर्वाचित जनप्रतिनिधिले देश विकासलगायत नागरिक हक, अधिकारको सुरक्षाका लागि सदैव काम गरिरहेका हुन्छन् ।

आम निर्वाचन, २०७९ मा सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भएका थिए । उक्त निर्वाचनमा जनप्रतिनिधिका रूपमा वडाध्यक्ष, सदस्यरू, नगरपालिकाका नगरप्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, जिल्लामा समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यहरू, प्रदेश सभा, प्रतिनिधि सभाका सदस्यहरू निर्वाचित भएका थिए । प्रदेशका सदस्यहरूबाट मुख्यमन्त्री नियुक्त हुन्छन् । प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रीपरिषद्मा निहित रहने व्यवस्था छ । नगरपालिकामा नगरप्रमुख र गाउँपालिकामा अध्यक्षले नेतृत्व गरेका हुन्छन् । सबै निर्वाचित प्रतिनिधिको कार्यकाल ५ वर्षको हुन्छ ।


भोजपुर नगरपालिकाको कार्यालय, भोजपुर

## क्रियाकलाप

१. तपाईँहरूले शिक्षकको सहयोगमा समूह निर्माण गरी हालको मुख्यमन्त्री, जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख, नगर प्रमुख र उपप्रमुखको नाम तलको तालकाअनुसार टिपोट गरी कक्षाकोठामा पालैपालो प्रस्तुत गर्नुहोस् ।

| पद, कार्यालय | नाम, थर |
|---|---|
| मुख्यमन्त्री (कोशी प्रदेश) | |
| प्रमुख (जिल्ला समन्वय समिति, भोजपुर) | |
| उपप्रमुख (जिल्ला समन्वय समिति, भोजपुर) | |
| नगर प्रमुख (भोजपुर नगरपालिका, भोजपुर) | |
| उपप्रमुख (भोजपुर नगरपालिका, भोजपुर) | |

## अभ्यास

### १. खाली ठाउँ भर्नुहोस् :

(क) कोशी प्रदेशमा ........ ओटा जिल्ला छन् ।

(ख) प्रदेश सरकारको नेतृत्व ................. ले गरेका हुन्छन् ।

(ग) जिल्ला समन्वय समितिले जिल्लाभित्रका ...............बिच समन्वय गर्ने गर्दछ ।

(घ) निर्वाचनको माध्यमबाट ..................... छनोट भएका हुन्छन् ।

(ङ) निर्वाचित जनप्रतिनिधिले देश विकासलगायत ......... काम गरिरहेका हुन्छन् ।

(च) सबै निर्वाचित प्रतिनिधिको कार्यकाल ......... वर्षको हुन्छ ।

### २. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालमा प्रदेशको नेतृत्व कसले गरेको हुन्छ ?

(ख) कोशी प्रदेशका वर्तमान मुख्यमन्त्री को हुनुहन्छ ?

(ग) हाल भोजपुर जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख को हुनुहुन्छ ?

(घ) भोजपुर नगरपालिकाका वर्तमान नगर प्रमुख र उपप्रमुखको नाम लेख्नुहोस् ।

(ङ) जनप्रतिनिधिको प्रमुख काम के हो ?

## परियोजना कार्य :

अभिभावक र शिक्षकको सहयोगमा पछिल्लो पटक सम्पन्न नेपालको आम निर्वाचनबारे एक अनुच्छेदमा लेख्नुहोस् ।

# पाठ ३ : हाम्रा स्थानीय समाजसेवी

स्थानीय तहको निश्चित भू–भाग ओगटेको ठाउँ वडा हो । वडामा मानिसहरूका बस्ती हुन्छन् । मानिसको बस्तीका मानिसलाई विद्यालय, सडक, खानेपानी, बिजुली आदिको खाँचो पर्छ । ती खाँचो टार्न वडामा बसोबास गर्ने मानिसले प्रमुख भूमिका खेलेका हुन्छन् । आफ्नो वडाको चौतर्फी विकास गर्न राजनीतिक, सामाजिक र शैक्षिक क्षेत्रमा योगदान दिने व्यक्तिहरू हाम्रा स्थानीय समाजसेवी हुन् ।



राजनीति कर्मीहरू आफ्नो वडामा बाटोघाटो, बिजुली, खानेपानी र सिँचाइ लगायत क्षेत्रमा परिवर्तनका लागि दिनरात खटेका हुन्छन् । नागरिकका सुख दुःखमा सधैँ साथ दिइरहेका हुन्छन् । राजनीति कर्मीहरूले नागरिकका लागि राम्रो काम गरेको योगदानका आधारमा नै चुनाबमा वडामा निर्वाचित भएका हुन्छन् । उनीहरू नै पछिपछि नगर, प्रदेश हुँदै सङ्घीय प्रतिनिधिका रूपमा निर्वाचित हुन्छन् ।

सामाजिक अभियन्ताहरूले समाजको रूपान्तरणका लागि सधैँ दत्तचित्त भएर लागिपरेका हुन्छन् । तसर्थ समाजमा भएका अन्धविश्वास, विकृति क्रमशः न्यूनीकरण हुँदै गइरहेका हुन्छन् । उनीहरूकै कारण समाजमा मेलमिलाप, भाइचारा, एकता, बन्धुत्वको विकास हुन सहयोग पुग्छ । समाजमा बसोबास गर्ने नागरिकहरूमा सकारात्मक सोच र भावनाको विकास हुन्छ । असल समाजको परिकल्पना पूरा हुन्छ । विद्यालयको स्थापना, बाटोघाटो, सडक, खानेपानीको प्रबन्ध गर्न समेत उनीहरूको योगदान हुन्छ ।

समाजलाई अँध्यारोबाट उज्यालोतर्फ डोऱ्याउने प्रमुख माध्यम शिक्षा हो । औपचारिक शिक्षाको प्रबन्ध विद्यालय तथा क्याम्पसमा मात्र हुन्छ । शैक्षिक क्षेत्रमा योगदान दिने व्यक्ति विद्यालय तथा क्याम्पसको स्थापना गर्नुका साथै समाजको आमूल परिवर्तनका लागि बालबालिकालाई शिक्षाको सहज वातावरण प्रदान गर्न तत्पर रहन्छन् । हाम्रा अग्रज

समाजसेवीहरूले समाजमा शैक्षिक वातावरण कायम गर्न प्रजातन्त्र स्थापना हुनु पूर्व नै जोखिम उठाएर विद्यालय खोलेर आसपासका नागरिकलाई शिक्षादीक्षा प्रदान गर्न सफल भएका थिए । प्रजातन्त्रको प्राप्तिपछि देशैभरी विद्यालय तथा क्याम्पस खोल्ने लहर चल्यो ।

विद्यालय खोलेर मात्र नहुने हुँदा आवश्यक पर्ने जग्गाको व्यवस्था, भवन निर्माण , शिक्षकको प्रबन्ध, तलबभत्ताको व्यवस्था गर्नु त्यति सजिलो थिएन । अहिले पनि विद्यालयको सञ्चालन र व्यवस्थापन गर्न त्यत्तिकै चुनौति र अवसर रहेका छन् । ती शैक्षिक चुनौति र अवसरलाई सम्बोधन गर्ने व्यक्तित्व नै शैक्षिक मार्गदर्शकका रूपमा मानिन्छ । हामी पढिरहेको विद्यालय खोल्ने, भवन बनाउन जग्गा दिने जग्गादाता, अक्षयकोषका रूपमा छात्रवृत्तिको व्यवस्था गर्ने अक्षयकोष दाता वडाका शैक्षिक मार्गदर्शक हुनुहुन्छ । उहाँहरू शैक्षिक प्रेरणाका स्रोत हुनुहन्छ । हामीले पढिरहेको विद्यालयबाट पढेर जानु हुने अग्रजहरू देशकै राजनीतिक, प्रशासनिक, आर्थिक र शैक्षिक क्षेत्रमा अब्बल दर्जामा पुग्नु भएको छ । अहिले पढिरहेका हामी र भविष्यमा पढनेहरू पनि अब्बल बन्न सक्नुपर्छ ।

## क्रियाकलाप

१. पाठमा भने जस्तै तपाईंहरू शिक्षकको सहयोगमा समूहमा बाँडिएर आफ्नो वडाका स्थानीय राजनीतिक, सामाजिक र शैक्षिक क्षेत्रमा योगदान दिने व्यक्तित्वका नाम टिपोट गरी कक्षाकोठामा पालैपालो भन्नुहोस् ।

**स्थानीय तहको नाम : ..................................... वडा नं. .................**

| क्षेत्र र व्यक्ति | योगदान |
|---|---|
| राजनीतिक | |
| १. | |
| २. | |
| सामाजिक | |
| १. | |

| | |
|---|---|
| २. | |
| शैक्षिक | |
| १. | |
| २. | |

## अभ्यास

### १. खाली ठाउँ भर्नुहोस् :

(क) आफ्नो वडाको चौतर्फी विकास गर्न ................योगदान दिने व्यक्तिहरू हाम्रा स्थानीय समाजसेवी हुन् ।

(ख) आफ्नो वडामा राजनीतिक व्यक्तिले गाउँ, टोलका लागि ............. क्षेत्रका परिवर्तनका लागि दिनरात खटेका हुन्छन् ।

(ग) सामाजिक अभियन्ताहरूले .......का लागि सधैँ दत्तचित्त भएर लागिपरेका हुन्छन् ।

(घ) समाजलाई अँध्यारोबाट .................. तर्फ डोऱ्याउने प्रमुख माध्यम शिक्षा हो ।

(ङ) शैक्षिक ......................... व्यक्तित्व नै शैक्षिक मार्गदर्शकका रूपमा मानिन्छ ।

(च) हामी पढिरहेको विद्यालय खोल्ने, भवन बनाउन जग्गा दान दिने, अक्षयकोषका रूपमा छात्रवृत्तिको व्यवस्था गर्ने अक्षयकोष दाता वडाका ...................हुन् ।

### २. तलको प्रश्नको उत्तर दिनुहोस् :

(क) राजनीतिक व्यक्तिले वडाका कुनकुन क्षेत्रमा परिवर्तन गर्न काम गर्दछन् ?

(ख) सामाजिक अभियन्ताले वडामा दिने योगदानको चर्चा गर्नुहोस् ।

(ग) तपाईंका वडाका शैक्षिक मार्गदर्शकले पुऱ्याउनु भएका योगदान बुँदागत रुपमा लेख्नुहोस् ।

(घ) हामी शैक्षिक क्षेत्रका  प्रेरणाका स्रोत भनेर कसलाई चिन्दछौँ ?

(ङ) तपाईं भविष्यमा आफ्नो वडामा के योगदान दिनुहुन्छ ? आफ्नो धारणा राख्नुहोस् ।

### सामुदायिक कार्य :

तपाईंको वडाको सडक, बिजुली, खानेपानी र विद्यालयको अवस्थाबारे एक अनुच्छेदमा खोजी गरेर लेख्नुहोस् ।

# एकाइ ६ : स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि



**सिकाइ उपलब्धि :**

- स्थानीय स्तरमा रहेका शिक्षा, स्वास्थ्य, खेलकूद, कृषि आदि क्षेत्रका महत्त्वपूर्ण पूर्वाधारहरू अवलोकन गरी सुरक्षित रहे नरहेको यकीन गर्न
- आफनो वरपर रहेका विभिन्न क्षेत्रका मौजुदा जनशक्ति पहिचान गर्न,
- आफनो परिवार, विद्यालय र वडाअन्तर्गतका निकायहरूको सम्पर्क नम्बर बताउन

**जम्मा कार्यघण्टा :** १७

# पाठ १ : पूर्वाधार विकासको महत्त्व

**तलका चित्रमा विभिन्न क्षेत्रका पूर्वाधारहरू देखाइएको छ । ती पूर्वाधारको नाम कक्षामा सुनाउनुहोस् र तिनीहरू कुन कुन क्षेत्रका पूर्वाधारहरू हुन्, छलफल गर्नुहोस् ।**



सिद्धेश्वर मा.वि, दावाँ र आसपासको क्षेत्र



जिल्ला अस्पताल, भोजपुर



भोजपुर रङ्गशाला, कोदार



टनेलमा गरिएको टमाटर खेती

समाजको आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि आवश्यक भौतिक संरचना तथा सेवाहरूलाई नै पूर्वाधार भनिन्छ । पूर्वाधारहरूको विकासले हाम्रो जीवनलाई सहज, सुरक्षित र प्रगतिशील बनाउँछ । सडक, पुल, बिजुली, खानेपानी, सिँचाइ, शिक्षा, स्वास्थ्य, सञ्चार र अन्य भौतिक तथा संस्थागत सुविधाहरू कुनै पनि ठाउँका पूर्वाधारहरू हुन् ।

भोजपुर नगरपालिका भोजपुर जिल्लाका ९ वटा स्थानीय तहहरूमध्येको एक स्थानीय तह हो । भोजपुरको जिल्ला सदरमुकाम क्षेत्रसमेत यसै नगरपालिका क्षेत्रमा पर्ने भएकाले अन्य स्थानीय तहहरूभन्दा भोजपुर नगरपालिका पूर्वाधार विकासका दृष्टिले अगाडि देखिन्छ । यो नगरपालिका ग्रामीण तथा सहरी दुवै क्षेत्रहरू मिलेर बनेकाले सबै वडाहरूमा पूर्वाधार

विकासको अवस्था एकैनासको छैन । यो नगरपालिका क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, सडक, खेलकूद जस्ता विभिन्न क्षेत्रका पूर्वाधारहरू रहेका छन् ।

### शिक्षा क्षेत्रका पूर्वाधारहरू

विद्यालय, क्याम्पस जस्ता शैक्षिक संस्थाहरू शिक्षा क्षेत्रका महत्त्वपूर्ण पूर्वाधार हुन् । शिक्षा क्षेत्रका पूर्वाधारको राम्रो विकास भएमा बालबालिकाहरूको सुन्दर भविष्य निर्माण गर्न सहयोग पुर्‍याउँछ । भोजपुर नगरपालिकाका १२ वटा वडाका विभिन्न ठाउँमा सामुदायिक र संस्थागत गरी जम्मा ५२ ओटा विद्यालयहरू रहेका छन् । विभिन्न क्षेत्रको प्राविधिक शिक्षा प्रदान गर्न स्थापना गरिएको सुम्निमा बहुप्राविधिक शिक्षालय पनि भोजपुर नगरपालिका क्षेत्रमै रहेको छ । त्यसैगरी उच्च शिक्षा प्रदान गर्ने भोजपुर बहुमुखी क्याम्पस पनि यही नगरपालिकामा रहेको छ । यहाँ स्नातक र स्नातकोत्तर तहसम्मको पढाइ हुन्छ । यसबाहेक विभिन्न किसिमका तालिम केन्द्र, इन्टिच्युट तथा पुस्तकालयहरू समेत यहाँ सञ्चालित छन् ।



सुम्निमा बहुप्राविधिक शिक्षालय, देउराली

### स्वास्थ्य क्षेत्रका पूर्वाधारहरू



अस्पताल, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, क्लिनिक जस्ता पूर्वाधारहरू स्वास्थ्य क्षेत्रका पूर्वाधार हुन् । त्यसैगरी सरसफाइ व्यवस्थापन, स्वच्छ खानेपानी आपूर्ति तथा ढल निकास जस्ता पूर्वाधारहरूले पनि हाम्रो स्वास्थ्य प्रवर्द्धनमा

सहयोग पुऱ्याउँछन् । भोजपुर नगरपालिका क्षेत्रमा विभिन्न स्वास्थ्य पूर्वाधारहरू रहेका छन् । नगरपालिकाका विभिन्न वडामा रहेका स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरू, आयुर्वेदिक स्वास्थ्य केन्द्र, आँखा तथा कान उपचार केन्द्र, विभिन्न क्लिनिकहरू लगायत जिल्ला अस्पताल भोजपुर समेत यसै नगरपालिकामा रहेका छन् । यी स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परामर्श, स्वास्थ्य परीक्षण तथा उपचार लगायतका सेवा प्रदान गर्छन् । सानाठुला विभिन्न खानेपानी आयोजनाहरूबाट नगर क्षेत्रमा खानेपानीको सुविधा प्रदान गरिएको छ भने नगरपालिकाको शहरी क्षेत्रमा ढल व्यवस्थापनको पूर्वाधार पनि निर्माणधिन छ ।

**खेलकुद क्षेत्रका पूर्वाधारहरू**

भोजपुर नगर क्षेत्रमा विभिन्न खेलकुद पूर्वाधारहरू पनि रहेका छन् । खेलमैदान, रङ्गशाला, कबर्डहल, जिम तथा फिटनेस सेन्टर जस्ता खेलकुद पूर्वाधारले शारीरिक स्वास्थ्य, मनोरञ्जन र अन्तराष्ट्रिय पहिचानमा योगदान पुऱ्याउँछन् । भोजपुर नगरपालिका वडा नं. ७ कोदारमा रहेको भोजपुर रङ्गशालाले पूर्वी पहाडी जिल्लाकै सुविधासम्पन्न रङ्गशालाका रुपमा पहिचान बनाएको छ । नगरपालिकाका अन्य विभिन्न वडाहरूमा पनि सानाठुला विभिन्न खेलमैदानहरू सञ्चालित छन् । त्यस्तै दावाँ, भोजपुर बजार र पुरानो डबलीमा विभिन्न खेलका लागि कबर्डहलहरू पनि स्थापना गरिएका छन् ।

**कृषि क्षेत्रका पूर्वाधारहरू**



विभिन्न सिँचाइ आयोजना, शीत भण्डार, कृषि बजार व्यवस्थापन जस्ता पूर्वाधारहरू कृषि क्षेत्रका पूर्वाधारहरू हुन् । यस्ता पूर्वाधारको विकासले खाद्यान्न उत्पादन, खाद्य सुरक्षा र आर्थिक विकासमा सहयोग पुऱ्याउँछन् । भोजपुर नगरपालिकाको शहरी क्षेत्रबाहेक अन्य क्षेत्रका अधिकांश मानिसको जीविकोपार्जनको माध्यम कृषि भएकाले कृषि पूर्वाधारहरूको निर्माण र विस्तारमा विशेष जोड दिनुपर्छ ।

भोजपुर नगर क्षेत्रमा विभिन्न सिँचाइ आयोजनाहरू सञ्चालनमा छन् । नगर क्षेत्रमा उत्पादित कृषि उपजहरूको सुरक्षित भण्डारणका लागि शीत भण्डारहरू पनि विभिन्न ठाउँमा सञ्चालनमा आउँदै छन् । त्यसैगरी विभिन्न ठाउँमा लाग्ने स्थानीय हाटबजार, कृषि सडक लगायतका पूर्वाधारहरूले पनि कृषिको विकासमा योगदान पुऱ्याइरहेका छन् ।

शिक्षा, स्वास्थ्य, खेलकुद र कृषि क्षेत्रका अतिरिक्त भोजपुर नगरपालिका क्षेत्रमा भवन, सडक, यातायात, सञ्चारलगायतका अन्य विभिन्न पूर्वाधारहरू पनि रहेका छन् । हामीले पूर्वाधारहरू निर्माण गरेर मात्र पुग्दैन, ती पूर्वाधारहरू टिकाउ र सुरक्षित हुनु पनि अनिवार्य हुन्छ ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) पूर्वाधार भनेको के हो ?

(ख) भोजपुर नगरपालिका अन्य पालिकाभन्दा किन पूर्वाधार क्षेत्रमा अगाडि छ ?

(ग) भोजपुर नगरपालिकामा कुन तहसम्मको शिक्षाको अवसर उपलब्ध छ ?

(घ) कुनै दुई ओटा स्वास्थ्य क्षेत्रका पूर्वाधारहरू लेख्नुहोस् ।

(ङ) भोजपुर नगरक्षेत्रको कुन खेलकुद पूर्वाधार पूर्वी पहाडमै चर्चित छ ?

(च) कृषि क्षेत्रका पूर्वाधारहरूको महत्त्व किन रहेको छ ?

(छ) हामीले निर्माण गरेका पूर्वाधारहरू कस्तो हुनुपर्छ ?

### २. खाली ठाउँ भर्नुहोस् :

(क) पूर्वाधार विकासले हाम्रो जीवनलाई सहज, प्रगतिशील र ........... बनाउँछ ।

(ख) भोजपुर नगरपालिकामा ............... र सहरी दुवै प्रकारका बस्ती छन् ।

(ग) भोजपुर नगरपालिकामा जम्मा ............ ओटा विद्यालयहरू छन् ।

(घ) स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य परीक्षण, परामर्श र ............ सम्बन्धी सेवाहरू पाइन्छ ।

(ङ) शारीरिक स्वास्थ्य र अन्तराष्ट्रिय पहिचानका साथै खेलकूदबाट ............ पनि प्राप्त हुन्छ ।

(च) भोजपुर नगरपालिकाका अधिकांश मानिसहरूको जीविकोपार्जनको माध्यम ............... हो ।

**३. कक्षामा छलफल गरी तलको तालिका पूरा गर्नुहोस् :**

भोजपुर नगर क्षेत्रमा रहेका विभिन्न पूर्वाधारहरू

| **क्षेत्र** | **पूर्वाधारका नाम** |
|---|---|
| शिक्षा | |
| स्वास्थ्य | |
| खेलकुद | |
| कृषि | |

**४. कक्षाका साथीहरू विभिन्न समूहमा बाँडिनुहोस् र तपाईंको विद्यालय आसपासका शिक्षा, स्वास्थ्य, खेलकुद र कृषि क्षेत्रका पूर्वाधारहरूको समूहमा अवलोकन गरी सुरक्षित रहे नरहेको, थप सुरक्षाका लागि गर्नुपर्ने कार्यलगायतका विषय टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**५. कुनै एक सुरक्षित पूर्वाधारको चित्र बनाई कक्षामा प्रदर्शन गर्नुहोस् ।**

# पाठ २ : विकासका लागि जनशक्ति

**तलको चित्रमा एउटा भवन निर्माण भइरहेको दृष्य देखाइएको छ । चित्र राम्ररी अध्ययन गर्नुहोस् र साथीसँग छलफल गरी उक्त कार्यमा संलग्न हुने जनशक्तिहरूको सूची तयार पार्नुहोस् ।**




**विकासका लागि जनशक्ति विषयमा समीरा र राजुबिच भएको संवाद**

(समीरा र राजु कक्षा ४ का विद्यार्थी हुन् । समीरा आफ्नो गाउँको विकासमा चासो राख्छिन् । विद्यालयको खाली समयमा राजु र समीरा विकास र जनशक्तिको महत्त्व बारेमा कुरा गर्दै छन् ।)

समीरा : नमस्ते राजु ! तिमीले 'विकासका लागि जनशक्ति' भन्ने कुरा सुनेका छौ ?

राजु : नमस्ते समीरा ! हो, मैले सुनेको छु तर मलाई राम्रोसँग थाहा छैन । के तिमी मलाई बुझाउन सक्छौ ?

समीरा : पक्कै पनि ! जनशक्ति भनेको मानिसहरूको समूह हो जसले मिलेर कुनै काम गर्छन् । हाम्रा गाउँ, सहर र देशको विकासका लागि जनशक्तिको ठुलो भूमिका हुन्छ ।

राजु : त्यस्तो कसरी हुन्छ त ? मानिसहरूले विकासमा कसरी मद्दत गर्न सक्छन् ?

समीरा : उदाहरणका लागि, हाम्रो गाउँमा नयाँ विद्यालय निर्माण गर्नु पर्‍यो भने सबैले मिलेर काम गर्नुपर्छ । यहाँ हामीलाई प्राविधिक र अप्राविधिक जनशक्ति दुवैको आवश्यकता पर्छ ।

राजु : प्राविधिक र अप्राविधिक जनशक्ति भनेको के हो नि ?

समीरा : प्राविधिक जनशक्ति भनेका त्यस्ता मानिसहरू हुन् जसले विशेष सिप र ज्ञान पाएका हुन्छन्, जस्तै इन्जिनियर, डाक्टर, शिक्षक, र प्राविधिक कर्मचारीहरू । अप्राविधिक जनशक्ति भनेका त्यस्ता मानिसहरू हुन् जसले बिना विशेष सिप सामान्य काम गर्छन्, जस्तै मजदुर, किसान, र अन्य सहयोगी कामदारहरू ।

राजु : ओहो, त्यसो भए प्राविधिक जनशक्ति विद्यालयको डिजाइन र निर्माणमा मद्दत गर्छन् र अप्राविधिक जनशक्तिले निर्माणको काम गर्छन्, हैन र ?

समीरा : ठिक भन्यौ राजु ! दुवै प्रकारका जनशक्ति मिलेर काम गर्दा छिटो र राम्रो काम हुन्छ ।

राजु : अरु कुन-कुन क्षेत्रमा जनशक्तिको आवश्यकता पर्छ ?

समीरा : धेरै ठाउँमा पर्छ राजु ! जस्तै, सफा पिउने पानीको व्यवस्था गर्न, सडक बनाउँदा, खेती गर्दा, र जब प्राकृतिक विपत्ति आउँछ, तब पनि जनशक्तिको ठुलो आवश्यकता पर्छ ।

राजु : सही भनेकी छौ समीरा ! यसले त हाम्रो गाउँलाई समृद्ध बनाउन मद्दत गर्छ । हामी विद्यार्थीहरू पनि विकासमा योगदान दिन सक्छौँ कि ?

समीरा : पक्कै सक्छौँ ! हामीले पढाइमा राम्रो गर्नुपर्छ, अरुलाई सहयोग गर्नुपर्छ, र सफा-स्वस्थ रहनुपर्छ । यसरी हामीले पनि हाम्रो तर्फबाट सानो-सानो योगदान दिन सक्छौँ नि ।

राजु : त्यो त सही कुरा हो समीरा ! अबदेखि म पनि अरुलाई सहयोग गर्छु र गाउँको विकासमा सहभागी हुन्छु ।

समीरा : मलाई खुसी लाग्यो राजु ! हामी सबै मिलेर काम गरेमा हाम्रो गाउँ छिट्टै विकास हुनेछ ।

राजु : हो, समीरा ! अब हामी सबै मिलेर विकासका लागि काम गरौं ।

समीरा : तिमीले कुरा बुझ्यौ भनेर मलाई खुशी लाग्यो, राजु । हामी सबै मिलेर हाम्रो गाउँको विकासका लागि प्राविधिक र अप्राविधिक जनशक्ति बनेर काम गरौँ ।

राजु : पक्का हो समीरा, हामी सबै मिलेर काम गर्दा मात्रै हाम्रो गाउँ, शहर, र देशको विकास सम्भव छ ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) जनशक्ति भनेको के हो ?

(ख) प्राविधिक जनशक्ति भनेका को हुन् ?

(ग) विद्यालय निर्माणमा कस्ता जनशक्ति चाहिन्छ ?

(घ) उपयुक्त जनशक्तिले हाम्रो गाउँ शहरलाई के बनाउँछ ?

(ङ) शिक्षक कस्तो जनशक्तिमा पर्दछन् ?

(च) अप्राविधिक जनशक्तिका दुई ओटा उदाहरण दिनुहोस् ।

### २. ठिक बेठिक छुट्याउनुहोस् :

(क) राजु र समीरा एउटै कक्षाका साथी हुन् ।

(ख) समीरालाई भन्दा राजुलाई जनशक्तिका बारेमा धेरै थाहा छ ।

(ग) इञ्जिनियर अप्राविधिक जनशक्तिमा पर्दछन् ।

(घ) जनशक्तिले समाजको विकासमा ठुलो भूमिका खेल्छ ।

(ङ) विद्यालय निर्माणमा प्राविधिक र अप्राविधिक दुवै जनशक्ति आवश्यक पर्छ ।

(च) प्राकृतिक बिपद्का बेलामा मात्र जनशक्तिको आवश्यकता पर्दैन ।

**३. तल दिइएका जनशक्तिका नामहरू प्राविधिक र अप्राविधिक जनशक्ति के हुन् ? छुट्याएर लेख्नुहोस् :**

मजदुर, इञ्जिनियर, डाक्टर, शिक्षक, किसान, सफाईकर्मी, नर्स, घरेलु कामदार, कम्प्युटर प्रोग्रामर, भरिया, मिस्त्री, वैज्ञानिक, खेताला, इलेक्ट्रिसियन, गिटी कुट्ने कामदार, फार्मासिस्ट, कृषि प्राविधिक, गोठाला

| प्राविधिक जनशक्ति | अप्राविधिक जनशक्ति |
|---|---|
| | |

**४. कक्षामा छलफल गरी तपाईंको गाउँशहरको विकासका लागि आवश्यक जनशक्तिहरूको सूची बनाउनुहोस् र ती जनशक्तिहरू सहज रुपमा उपलब्ध भए नभएको पहिचान गरी तालिकामा उल्लेख गर्नुहोस् :**

| सहजै उपलब्ध जनशक्ति | सहज उपलब्ध नभएको जनशक्ति |
|---|---|
| | |

**५. तपाईं भविष्यमा कुन क्षेत्रको जनशक्ति भई देशको सेवा गर्न चाहनुहुन्छ ? यस विषयमा आफ्ना साथीलाई छोटो चिठी लेख्नुहोस् ।**

# पाठ ३ : आपतबिपद्मा फोन गरौँ

**तलको चित्रमा विभिन्न प्रकारका टेलिफोन सेटहरू देखाइएको छ । तपाईंले यीमध्ये कुनकुन टेलिफोन प्रयोग गर्नुभएको छ ? तपाईंले टेलिफोनबाट केके काम गर्न सक्नुहुन्छ ? कक्षामा सुनाउनुहोस् र तलको तालिकामा भर्नुहोस् ।**



| टेलिफोनबाट मैले गर्नसक्ने कामहरू |
| --- |
| १. |
| २. |
| ३. |
| ४. |

## तायामाका बुबाले तायामालाई लेखेको चिठी

क्वालालम्पुर, मलेसिया

माघ १६

प्रिय छोरी तायामा,

धेरै माया र सम्झना ! मलाई आशा छ तिमी स्वस्थ र खुसी छौ । म यहाँ विदेशमा बसेर पनि तिम्रो पढाइ र गतिविधिहरूमा चासो राख्दैछु । आज म तिमीलाई एउटा महत्त्वपूर्ण कुरा लेख्न चाहन्छु - सम्पर्क फोन नम्बरहरूको महत्त्व ।

तिमी अहिले कक्षा ४ मा पढ्दैछौ । यो उमेरमा धेरै कुराहरू सिक्नुपर्छ, जुन तिमीलाई जीवनभर काम लाग्छ । सम्पर्क फोन नम्बरहरू किन महत्त्वपूर्ण छन्, र यी नम्बरहरू कहाँ-कहाँबाट थाहा पाउनुपर्छ भन्ने विषयमा म केही लेख्दैछु । जब हामी कुनै आपतकालीन अवस्थामा पर्छौं, हामीले तुरुन्तै आमाबुबा वा परिवारका अन्य सदस्यहरूलाई सम्पर्क गर्नुपर्ने हुन्छ । त्यसैले तिमीले सधैं हाम्रो घरका सम्पर्क नम्बरहरू सम्झनुपर्छ । आमाको नम्बर र दाजुको नम्बरलाई तिम्रो डायरीमा लेखेर याद गर्नू ।

कुनै समस्या परेर विद्यालय जान नसक्दा वा विद्यालयबाट विभिन्न जानकारी लिनुपर्ने बेला विद्यालयको सम्पर्क नम्बर थाहा हुनु महत्त्वपूर्ण हुन्छ । तिमीले तिम्रो विद्यालयको सम्पर्क नम्बर पनि डायरीमा लेखेर राख्नू र याद गर्नू । यसले तिमीलाई शिक्षकमाझ सम्पर्क गर्न सजिलो हुनेछ ।

गाउँमा वा वडामा केही समस्या परेमा वा सेवा लिनुपर्ने बेला वडा कार्यालय, स्वास्थ्य चौकी र प्रहरी चौकीका नम्बरहरू धेरै काम लाग्छन् । हाम्रो वडा कार्यालयको नम्बर, स्वास्थ्य चौकीको नम्बर र प्रहरी चौकीको नम्बरलाई सुरक्षित ठाउँमा राख्नु आवश्यक छ । आपतकालीन अवस्थामा १०० नम्बर डायल गरी प्रहरीको सहयोग लिन सकिन्छ भन्ने कुरा त तिमीलाई थाहै होला ।

सम्पर्क नम्बरहरूको सूची राख्नका लागि केही सजिला तरिकाहरू पनि छन् । सबै महत्त्वपूर्ण नम्बरहरू एउटा कागजमा लेखेर घरको सुरक्षित ठाउँमा राख्नू । मोबाइल फोनमा

पनि यी नम्बरहरू सेव गर्न सकिन्छ । साथै, एउटा सानो डायरीमा लेखेर स्कूल ब्यागमा पनि राख्न सकिन्छ । यसरी तिमीले हरेक बेला यी नम्बरहरू नजिकै राख्न सक्छौ ।

तिमीले अब तिम्रा आमा वा दाजुसँग बसेर सबै महत्त्वपूर्ण सम्पर्क नम्बरहरू एक ठाउँमा सङ्कलन गर्नुपर्छ । ती नम्बरहरूलाई एउटा कागजमा लेखेर आफ्नो कोठाको भित्तामा टाँस्नू । साथै, तिम्रा साथीहरू र शिक्षकसँग मिलेर अन्य महत्त्वपूर्ण सम्पर्क नम्बरहरूको सूची पनि बनाउनू ।



मलाई विश्वास छ, तिमीले यी कुरा सजिलैसँग बुझ्नेछौ र प्रयोग गर्नेछौ । तिम्रो सुरक्षा र भलोका लागि यी सम्पर्क नम्बरहरू थाहा पाउनु अत्यन्तै आवश्यक छ । तिम्रो पढाइमा ध्यान दिनू र सधैं जिज्ञासु बनी रहनू, ताकि तिमीले नयाँ कुरा सिक्न सक्छौ । म तिम्रो प्रगति सुनेर धेरै खुसी हुनेछु ।

आजलाई यत्ति नै । म अनलाइन भएको बेला भिडियो च्याटमा थप कुरा गरौँला ।

धेरैधेरै आशीर्वाद सहित

तिम्रो बुबा

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) तायामाका बुबा कहाँ बस्दै हुनुहुन्छ ?

(ख) सम्पर्क फोन नम्बरहरू किन महत्त्वपूर्ण छन् ?

(ग) आपतकालीन अवस्थामा प्रहरीलाई सम्पर्क गर्ने नम्बर के हो ?

(घ) तायामाका बुबाले सम्पर्क नम्बरहरूको सूची कहाँ राख्न सुझाव दिनु भएको छ ?

(ङ) विद्यालयको सम्पर्क नम्बर किन थाहा हुनुपर्छ ?

(च) मोबाइल फोनमा सम्पर्क नम्बरहरू के गर्न सकिन्छ ?

(छ) तायामाका बुबाले अर्को पटक कहाँ कुरा गर्ने भन्नु भएको छ ?

## २. सही उत्तर छानेर उत्तरपुस्तिकामा लेख्नुहोस् :

(क) तायामा कुन कक्षामा पढ्दैछिन् ?

अ. कक्षा ३ आ. कक्षा ४

इ. कक्षा ५ ई. कक्षा ६

(ख) तायामाका बुबाले पत्रमा केको बारेमा लेख्नुभएको छ ?

अ. खेलकुदको महत्त्व आ. यात्राको अनुभव

इ. खाना पकाउने विधि ई. सम्पर्क नम्बरहरूको महत्त्व

(ग) सम्पर्क नम्बरहरूको सूची कसरी राख्नुपर्छ ?

अ. मन परेका ठाउँमा आ. भान्साको भित्तामा

इ. सुरक्षित ठाउँमा ई. बाटोमा

(घ) तायामाका बुबाले सम्पर्क नम्बरहरूको सूची कसको सहयोगमा लेख्न भन्नु भएको छ ?

अ. छिमेकी आ. प्रहरी

इ. वडा कार्यालय ई. साथीहरू र शिक्षक

(ङ) सम्पर्क नम्बरहरूको सूची कहाँ टाँस्न भनिएको छ ?

अ. कोठाको भित्तामा आ. कक्षाकोठामा

इ. खेलमैदानमा ई. साथीको घरमा

(च) तायामाका बुबाले सम्पर्क नम्बरहरूको महत्त्व किन लेख्नु भएको हो ?

अ. खेलकुदको जानकारी दिन आ. तायामालाई सुरक्षित रहन

इ. यात्रा गर्न ई. खाना पकाउन सिकाउन

## ३. तपाईंको परिवारमा कोकोसँग मोबाइल फोन छ ? घरमा ल्यान्डलाइन टेलिफोन पनि छ कि ? तलको जस्तै तालिका बनाई सम्पर्क नम्बर जम्मा गर्नुहोस् :

**घरको ल्यान्डलाइन टेलिफोन नं** ☎ ..............................................

**परिवारका सदस्यहरूको सम्पर्क नम्बर**


| नाम | नाता | सम्पर्क नम्बर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**४. शिक्षक र कक्षाका साथीहरूको सहयोगमा तलको तालिकामा विभिन्न निकायको सम्पर्क नम्बर सङ्कलन गरी राख्नुहोस् :**

| निकाय | नाम | सम्पर्क नम्बर |
|---|---|---|
| तपाईँको विद्यालय | | |
| तपाईँको घर भएको वडा | | |
| नजिकैको स्वास्थ्य संस्था | | |
| नजिकैको प्रहरी चौकी | | |
| तपाईँको वडाको अध्यक्ष | | |

**५. तपाईँलाई टेलिफोन वा मोबाइल फोनका कारण कुनै काम गर्न सजिलो भएको वा आफू सुरक्षित हुन सहयोग पुगेको कुनै घटना होला । यस्ता घटना पालैपालो कक्षामा सुनाउनुहोस् ।**

# एकाइ ७ : प्रकोप तथा बिपद् व्यवस्थापन




**सिकाइ उपलब्धि :**

- बिपद्हरू (सरुवा रोगहरू, बाढिपहिरो आदि) का कारण, असर र यसबाट बच्ने उपायहरू बताउन,
- प्रकोप तथा बिपद्बाट सुरक्षित रहने उपायहरूको अवलम्बन गर्न,
- सुरक्षित वासस्थान (घर र विद्यालय) को आवश्यकता र महत्त्व बताउन,
- सुरक्षित विद्यालयको परिचय दिन र फाइदाहरू चिन्न ।

**जम्मा कार्यघण्टा :** १२

# पाठ १ : बिपद्का कारण, असर र सुरक्षित हुने उपायहरू

**तलका चित्रमा कस्ता बिपद्हरू देखाइएका छन् ? ती बिपद्का कारण, असर र सुरक्षित हुने उपायहरूका बारेमा कक्षामा छलफल गर्नुहोस् ।**





मानव जीवनमा जुनसुकै बेला हामीले प्रकोपको सामना गर्नुपर्ने हुनसक्छ । प्रकोप र बिपद् उस्तैउस्तै शब्द हुन् तर यिनमा केही भिन्नता पनि छ । प्रकोपले बिपद् निम्त्याउँछ । बिपद् जुनसुकै बेला पनि आइपर्न सक्छ । बिपद् आइपर्ने धेरै कारणहरू हुन सक्छन् । तर पूर्व सावधानी अपनायो भने बिपद्बाट बच्न वा बिपद्बाट हुने क्षति कम गर्न सकिन्छ । संसारमा धेरै प्रकारका बिपद्हरू हुन्छन् । केही बिपद्हरू प्राकृतिक हुन्छन् भने केही मानवीय क्रियाकलापका कारणले उत्पन्न हुन्छन् । बाढी, पहिरो, असिना, हिमपात, हुरीबतास, अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, खडेरी, चट्याङ, भुइँचालो आदि प्राकृतिक बिपद्का उदाहरण हुन् । त्यस्तै सडक दुर्घटना, कुपोषण तथा विषालु खानाबाट हुने असर, आगलागी, रोगको महामारी आदि मानव सिर्जित बिपद् हुन् । यस पाठमा हामी सरुवा रोगहरू र प्राकृतिक बिपद्हरू जस्तै बाढी र पहिरोका बारेमा सिक्नेछौँ ।

## सरुवा रोगहरू

सरुवा रोगहरू भाइरस, ब्याक्टेरिया, फङ्गस वा अन्य परजीवीहरूले लाग्छन् । सङ्क्रमित व्यक्तिसँग नजिकको सम्पर्क, दूषित् खाना वा पानी र सफा नगरेका हातले खाने गर्दा सरुवा रोग फैलिन्छ । सरुवा रोगको फैलावटले हामीलाई ज्वरो, खोकी, रुघा, पेट दुखाइ जस्ता लक्षण देखापर्छ । यसले गर्दा शरीर कमजोर हुने, दैनिक काम गर्न नसक्ने र महामारी

फैलने जस्ता असर देखिन्छन् । सरुवा रोगबाट बच्नका लागि सरसफाइमा ध्यान दिने, सफा र ताजा खाना खाने, र सङ्क्रमित व्यक्तिसँग नजिकको सम्पर्क नगर्ने जस्ता उपायहरू अपनाउनु पर्छ । भोजपुर नगरपालिका क्षेत्रमा पनि झाडापखाला, टाइफाइड, कोभिड १९ जस्ता सरुवा रोगको जोखिम रहेकाले हामीले सचेतता अपनाउनु पर्छ ।

### बाढी

बाढी अत्यधिक वर्षाका कारण नदी तथा जलाशयको पानी भरिएर बग्दा आउने प्राकृतिक बिपद् हो । भोजपुर पहाडी क्षेत्रमा अवस्थित भएको हुँदा वर्षात्को समयमा खोलाखोल्सी आसपास बाढी आउन सक्छ । बाढीले गर्दा हाम्रो घर तथा खेतबारीमा पानी पसेर क्षति पुऱ्याउँछ । मानिसहरू घरबारविहीन हुनसक्छन् र खेतीपाती समेत नष्ट हुन्छ । बाढीबाट बच्नका लागि खोला किनार आसपास बसोबास नगर्ने र बिपद् आउने सूचना थाहा पाउँदा सुरक्षित स्थानमा जानुपर्छ । बाढीको खतराका बारेमा हामी सजग रहनु पर्छ ।

### पहिरो

पहिरो अत्यधिक वर्षा र भूउपयोगको असन्तुलित व्यवस्थापन, वनविनाश जस्ता कारणले आउँछ । भोजपुर नगरपालिका क्षेत्र पहाडी भूभागमा अवस्थित भएकाले पहिरोको जोखिम उच्च छ । पहिरोले गर्दा जमिनको ठुलो भाग खस्न सक्छ र घर भत्कने वा पुरिने तथा सडकहरू अवरुद्ध हुन सक्छन् । यसले मानिसको ज्यानसमेत जोखिममा पार्न सक्छ र धन-सम्पत्ति नष्ट हुन सक्छ । पहिरोबाट बच्नका लागि पहिरो आउने सम्भावना भएका ठाउँबाट टाढा बस्नुपर्छ साथै सुरक्षित र बलियो घर बनाउनुपर्छ । पहिरोको जोखिम भएका क्षेत्रमा बस्ने मानिसहरूले वर्षा याममा विशेष सजग रहनु आवश्यक हुन्छ ।

बिपद् कुनै पनि बेला आउन सक्छ । त्यसैले हामीले बिपद् आउनु अघि नै सजग र तयार रहनु पर्छ । सुरक्षित रहने उपायहरूको अभ्यास गरौँ र अरूलाई पनि यसबारे जानकारी दिऔँ । भोजपुर नगरपालिकामा सरुवा रोग, बाढी र पहिरोको मात्र नभई अन्य धेरै प्रकारका प्रकोप तथा बिपद्को जोखिम रहेको हुँदा सुरक्षित रहने उपायहरूको पालन गर्नु अत्यन्त महत्त्वपूर्ण छ ।

## अभ्यास

### १. सही उत्तर छानेर खाली ठाउँ भर्नुहोस् :

(क) प्रकोपले ............... निम्त्याउँछ ।

| | |
|---|---|
| अ. चट्याङ | आ. महामारी |
| इ. बाढी | ई. बिपद् |

(ख) भोजपुर नगरपालिका क्षेत्र ............... भूभागमा अवस्थित छ ।

| | |
|---|---|
| अ. समथर | आ. पहाडी |
| इ. समुद्र किनारको | ई. मरुभूमि |

(ग) बाढी .................. को कारणले आउँछ ।

| | |
|---|---|
| अ. अतिवृष्टि | आ. अनावृष्टि |
| इ. खडेरी | ई. हिमपात |

(घ) पहिरोले गर्दा जमिनको ठूलो भाग .............. सक्छ ।

| | |
|---|---|
| अ. तन्किन | आ. सुक्न |
| इ. भासिन | ई. जोडिन |

(ङ) बाढीबाट बच्नका लागि खोला किनार आसपास ............... हुँदैन ।

| | |
|---|---|
| अ. खेतीपाती गर्न | आ. आगो बाल्न |
| इ. घर बनाउन | ई. बाँध बाँध्न |

(च) पहिरोको जोखिम भएका क्षेत्रमा बस्ने मानिसले वर्षा याममा ........ रहनु पर्छ ।

| | |
|---|---|
| अ. सुरक्षित | आ. सजग |
| इ. अव्यवस्थित | ई. निडर |

### २. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) प्रकोप र बिपद्मा के फरक छ ?

(ख) सरुवा रोगहरू कसरी फैलिन्छन् ?

(ग) बाढीबाट बच्नका लागि के गर्नुपर्छ ?

(घ) पहिरो के कारणले आउँछ ?

(ङ) भोजपुर नगरपालिका क्षेत्रका मुख्य प्राकृतिक बिपद्हरू कुन कुन हुन् ?

(च) बिपद्बाट हुने क्षति कसरी कम गर्न सकिन्छ ?

**३. पाठमा बर्णन गरिएका बाहेक तपाईंको गाउँसहरमा आउन सक्ने अन्य कुनै तीन ओटा बिपद्का नाम लेखी तिनीहरूका कारण, असर र सुरक्षित हुने उपायहरू लेख्नुहोस् ।**

| बिपद्का नाम | कारण | असर | सुरक्षित हुने उपायहरू |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**४. तलको समाचार पढी तपाईंले हालसालै सुनेको वा देखेको बिपद्को घटनाका बारेमा छोटो समाचार तयार पार्नुहोस् ।**

## भोजपुरको टक्सारमा आगलागी हुँदा ६ वटा घर जलेर नष्ट

पर्दाफास संवाददाता ३ चैत २०८० १९:१८



भोजपुर नगरपालिका-१२ टक्सारको मालबाँसेमा आगलागी भएको छ । आज दिउँसोबाट लागेको आगलागीले स्थानीय बासिन्दाका घरसमेत जलेर नष्ट भएका छन् ।

वनमा लागेको डढेलोका कारण बस्तीमा रहेका घरसमेत जलेर नष्ट भएका हुन् । आगलागीबाट स्थानीय विशाल कार्कीका दुई, नरबहादुर कार्कीका दुई र पदम कार्कीको एक घर जलेर नष्ट भएको छ । बसोबास नभएको एक घर पनि जलेर नष्ट भएको स्थानीयले बताएका छन् । जिल्ला प्रहरी कार्यालय भोजपुरका सूचना अधिकारी दलकुमार राईले जङ्गलबाट सुरु भएको आगलागीका कारण स्थानीयका घरमा क्षति पुगेको जानकारी दिए ।

आगलागीबाट बसोबास गर्दै आइरहेका पाँच र खाली एक परिवारको घर जलेर नष्ट भएको सूचना अधिकारी राईले जानकारी दिए । हावाहुरीका कारण आगो बस्तीमा फैलिएको प्रहरीले जनाएको छ । आगलागी नियन्त्रणको प्रयासमा सेना, प्रहरी र सशस्त्र प्रहरीसहित स्थानीय जुटिरहेका प्रहरी निरीक्षक राईले बताए ।

स्रोत: https://www.pardafas.com/2024/03/16/72309/

# पाठ २ : सुरक्षित वासस्थान र सुरक्षित विद्यालय

**तलका चित्रमा के देख्नुहुन्छ ? तपाईं बस्ने घर र तपाईंले अध्ययन गरिरहेको विद्यालयमा कस्ता बिपद्जन्य घटनाहरू घट्न सक्छन् ? कक्षामा छलफल गर्नुहोस् ।**





**जाल्पा मा.वि., भैंसीपङ्खाको बिहानी प्रार्थना सभामा हरेक दिन विद्यार्थीहरूले विभिन्न विषयमा मन्तब्य दिनुपर्ने नियम छ । विद्यालय र घर वा बासस्थानमा घट्न सक्ने विभिन्न बिपद्का घटनाहरूका सन्दर्भमा कक्षा ४ का दुईजना छात्रछात्राले विद्यालयको बिहानी प्रार्थना सभामा प्रस्तुत गरेका मन्तब्यहरू पढौं ।**

आदरणीय प्रधानाध्यापकज्यू, शिक्षकवर्ग र मेरा प्रिय साथीहरू,



आजको यस बिहानी प्रार्थना सभामा म कक्षा ४ मा अध्ययनरत छात्र करण परियार "सुरक्षित विद्यालय" भन्ने शीर्षकमा केही कुरा गर्न चाहन्छु । हाम्रो विद्यालय एक यस्तो स्थान हो जहाँ हामीले ज्ञान आर्जन गर्छौं । विद्यालयमा हामी साथीहरूसँग रमाइलो गर्छौं र सुरक्षित रहन सिक्छौं । तर, कहिलेकाहीँ यहाँ पनि विभिन्न बिपद्का घटनाहरू हुन सक्छन् जसले हाम्रो सुरक्षा र अध्ययनलाई असर पुऱ्याउन सक्छ । हामीलाई के-कस्ता बिपद् आउन सक्छन् र हामी कसरी सुरक्षित रहन सक्छौं भन्ने कुरा बुझ्न धेरै जरुरी छ । जस्तै : नेपाल भूकम्पको जोखिममा पर्ने देश हो । यदि भूकम्प आयो भने हामीले कसरी सुरक्षित रहने भनेर सिक्नु

पर्छ । भूकम्पको समयमा तुरुन्तै टेबलमुनि लुक्ने, हातले टाउको छोप्ने र सुरक्षित ठाउँमा जानुपर्छ । विद्यालयमा विद्युत् सर्ट वा अन्य कारणले आगलागी हुनसक्छ । आगलागी हुँदा हामीले तुरुन्तै नजिकको निस्कने बाटो प्रयोग गर्नुपर्छ, आत्तिनु हुँदैन र शिक्षक वा अभिभावकको निर्देशन मान्नुपर्छ । हाम्रो विद्यालय पहाडी क्षेत्रमा भएकोले बाढी र पहिरोको सम्भावना पनि रहन्छ । बाढीको समयमा उच्च स्थानतिर जानु पर्छ र पहिरो आउँदा सुरक्षित ठाउँमा बस्नु पर्छ । कहिले काहीँ बर्डफ्लु, डेङ्गु, कोभिड १९ जस्ता सङ्क्रामक रोगहरू फैलिन सक्छन् । यस्ता रोगहरूबाट बच्नका लागि सफा रहनु, मास्क लगाउनु र नियमित हात धुनु जरुरी छ ।

त्यति मात्र हैन, हामीले कक्षाकोठा, खेलमैदान, धारा वा चर्पी र भऱ्याङ वा सिँढीमा अपनाउनुपर्ने सावधानीका उपायहरूको बारेमा पनि जान्नु आवश्यक छ । कक्षाकोठामा कुर्सी र टेबलहरू ठिक ठाउँमा राख्नुपर्छ ताकि हिँडडुल गर्दा ठोकिन नपरोस् । कुनै पनि उपकरण प्रयोग गर्दा शिक्षकको अनुमतिमा सावधानीपूर्वक चलाउनुपर्छ । भूकम्प आएमा भागेर जान सुरक्षित स्थान सुनिश्चित गर्नुपर्छ । खेलमैदानमा खेल्दा एकअर्कालाई ध्यान दिनुपर्छ र धक्का-मुक्की गर्नु हुँदैन । चोटपटक लागेमा तुरुन्तै शिक्षकलाई जानकारी दिनुपर्छ । धारा वा चर्पीमा, पानी जमेको स्थानमा चिप्लो हुनसक्छ, त्यसैले ध्यानपूर्वक हिँड्ने र चर्पी प्रयोग गरेपछि साबुनले राम्ररी हात धुनुपर्छ । सधैँ सरसफाइको ख्याल राख्ने र फोहोरलाई उचित ठाउँमा फाल्ने गर्नुपर्छ । भऱ्याङ वा सिँढीमा हिंड्दा एक-अर्कालाई धक्का नदिई सावधानीपूर्वक हिंड्ने, सिँढीमा दौडधुप नगर्ने र रेलिङ समाएर मात्र तलमाथि गर्नुपर्छ ।

हामी सबैले यो कुरा बुझ्नुपर्छ कि बिपद् आउनुभन्दा पहिले नै तयारी गर्नुपर्छ । विद्यालयले बिपद् व्यवस्थापनको योजना बनाउनुपर्छ र हामी सबैले सो योजना पालना गर्नुपर्छ । अन्तमा, म भन्न चाहन्छु कि सुरक्षित रहनका लागि हामीले सबै नियमहरू पालना गर्नु पर्छ र सचेत रहनुपर्छ । यसरी मात्र हामी सुरक्षित विद्यालयको सपना साकार गर्न सक्छौं । धन्यवाद !

नमस्कार ! म कक्षा ४ की छात्रा लक्ष्मी राईको तर्फबाट ।



आदरणीय प्रधानाध्यापक तथा शिक्षकज्यूहरू, र मेरा प्यारा साथीहरू,

आज म "सुरक्षित घर वा बासस्थान" भन्ने शीर्षकमा केही कुरा गर्न चाहन्छु । हाम्रो घर वा बासस्थान हामीलाई आश्रय दिने ठाउँ हो जहाँ हामी सुरक्षित र आरामदायी महसुस गर्छौं तर सुरक्षित घर बनाउन र बिपद्को समयमा सुरक्षित रहनका लागि हामीले केही विशेष सावधानी अपनाउनुपर्छ ।

सबभन्दा पहिले घरलाई भूकम्प प्रतिरोधी बनाउन महत्त्वपूर्ण छ। घर निर्माण गर्दा प्राविधिक सल्लाह लिनुपर्छ र बलियो संरचना बनाउनुपर्छ। भूकम्प आएको समयमा सुरक्षित स्थानमा बस्न सकिने व्यवस्था गर्नुपर्छ। टेबलमुनि बस्न मिल्ने ठाउँ बनाउनु र अभ्यास गर्नु जरुरी छ ।

दोस्रो, आगलागीबाट सुरक्षित रहनका लागि ध्यान दिनुपर्ने कुराहरू छन् । घरमा विद्युतीय तारहरू राम्ररी जाँच गर्नुपर्छ र पुराना तारहरू तुरुन्तै बदल्नुपर्छ। ग्याँस सिलिन्डर र अन्य आगो लाग्ने वस्तुहरू सुरक्षित ठाउँमा राख्नुपर्छ। आगलागी भएमा नजिकको निस्कने बाटो पहिचान गर्नु र आगो निभाउन सक्ने उपकरण राख्नुपर्छ ।

तेस्रो, बाढी र पहिरोको सम्भावना रहेको ठाउँमा घर बनाएमा विशेष सतर्कता अपनाउनुपर्छ । बाढी आउन सक्ने समयअघि नै उच्च स्थानतिर जानको लागि योजना बनाउनुपर्छ । पहिरोको जोखिम भएको घर वरिपरि रुखबिरुवा लगाउन सकिन्छ जसले भूक्षयलाई रोक्न मद्दत गर्छ ।

सुरक्षित घरका लागि सरसफाइ पनि अत्यन्त महत्त्वपूर्ण छ। घरलाई सफा र कीटाणुरहित राख्नुपर्छ । यसले सङ्क्रामक रोगहरूको जोखिम कम गर्छ । नियमित रूपमा हात धुनु, सफा पानी पिउनु, र खानेकुरा राम्ररी पकाउनु जरुरी छ ।

अन्तमा, आपतकालीन अवस्थामा सम्पर्क गर्न सकिने नम्बरहरू साथमा राख्नुपर्छ । परिवारका सबै सदस्यले बिपद्को समयमा के गर्ने भनेर पूर्वतयारी गर्नुपर्छ। आपतकालीन

सामग्रीहरू जस्तै प्राथमिक उपचार बक्स, खानेकुरा, पानी, टर्च, र रेडियोको व्यवस्था गर्नुपर्छ ।

यसरी, हामीले केही सावधानी अपनाएर हाम्रो घरलाई सुरक्षित बनाउन सक्छौं । सुरक्षित घरमा बस्दा मात्र हामी सुरक्षित र स्वस्थ रहन सक्छौँ । धन्यवाद !

## अभ्यास

### १. ठिक बेठिक छुट्याउनुहोस् :

(क) भूकम्पको समयमा तुरुन्तै बाहिर निस्कनुपर्छ ।

(ख) खेलमैदानमा धक्का-मुक्की गर्नु उचित छ ।

(ग) कक्षाकोठामा उपकरणहरू शिक्षकको अनुमतिबिना चलाउनु हुँदैन ।

(घ) घर निर्माण गर्दा प्राविधिक सल्लाह लिनुपर्छ ।

(ङ) पहिरोको जोखिम भएको घर वरिपरि रुखबिरुवा लगाउनु हुँदैन ।

(च) बिजुलीका पुराना तारहरू तुरुन्तै बदल्नुपर्छ ।

(छ) बिपद्बाट बच्न आपतकालीन सामग्रीहरूको व्यवस्था गर्नुपर्छ ।

### २. खाली ठाउँ भर्नुहोस् :

(क) भूकम्पको समयमा .............. बस्न सकिने ठाउँ सुनिश्चित गर्नु पर्छ ।

(ख) आगलागी हुँदा तुरुन्तै नजिकको ................... प्रयोग गर्नु पर्छ ।

(ग) भऱ्याङ वा सिँढीमा .................. समाएर मात्र तलमाथि गर्नु पर्छ ।

(घ) घरलाई .................... प्रतिरोधी बनाउन महत्त्वपूर्ण छ ।

(ङ) ग्याँस सिलिन्डर र अन्य ज्वलनशील वस्तुहरू ....................मा राख्नुपर्छ ।

(च) घरलाई ..................... र कीटाणुरहित राख्नुपर्छ ।

(छ) आपतकालीन अवस्थामा सम्पर्क गर्न सकिने ................ साथमा राख्नुपर्छ ।

### ३. छोटो उत्तर लेख्नुहोस् :

(क) आगलागी हुँदा के गर्नु हुँदैन ?

(ख) चर्पी प्रयोग गरेपछि के गर्नुपर्छ ?

(ग) भऱ्याङमा हिँड्दा के गर्नु हुँदैन ?

(घ) घरलाई भूकम्प प्रतिरोधी बनाउन कसको सल्लाह लिनुपर्छ ?

(ङ) बाढीको समयमा सुरक्षित रहन के गर्नुपर्छ ?

(च) घरलाई सफा राख्दा के फाइदा हुन्छ ?

(छ) आपतकालीन सामग्रीहरू के-के हुन् ?

४. **कक्षाका साथीहरू दुई समूहमा बस्नुहोस् । समूहमा छलफल गर्नुहोस् र सुरक्षित बासस्थान र सुरक्षित विद्यालयको महत्त्व टिपोट गरी कक्षामा सुनाउनुहोस् ।**

५. **तपाईंको विद्यालय आसपास घट्न सक्ने कुनै बिपद् छनोट गरी शिक्षकको सहयोगमा उक्त बिपद् आउनुअघि, बिपद् आएको समय र बिपद्पछि गर्नुपर्ने कार्यहरूलाई नाटकका माध्यमबाट प्रदर्शन गर्नुहोस् ।**

६. **सुरक्षित विद्यालय वा सुरक्षित घरसम्बन्धी कविता, गीत वा चित्र बनाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।**

# एकाइ ८ : स्थानीय नैतिक मूल्य मान्यता



| सिकाइ उपलब्धि : | पाठ्यघण्टा : १० |
|---|---|

- समुदायका विविधताप्रति सम्मान प्रकट गर्न
- सत्य, धर्म, प्रेम, शान्ति र अहिंशालाई मानवीय मूल्यका रूपमा ग्रहण गरी व्यवहारमा आत्मसात गर्न
- आत्मानुशासनको अर्थ, आवश्यकता र महत्त्वबारे जानकार भई दैनिक जीवनमा अवलम्बन गर्न

# पाठ १ : मानव मूल्य र मान्यता

मानिसको आचरणको फरकपन नै मानवीय स्वभाव हो । मानिसको स्वभावलाई प्रभाव पार्ने वातावरणीय तत्वहरू प्रमुख हुन्छन् । मानिस फरकफरक वातावरणबाट हुर्केका हुन्छन् । तथापि मानिसले गर्ने क्रियाकलापले स्वयं व्यक्ति, परिवार र समाजलाई प्रभाव पारेको हुन्छ ।



हामी समुदाय र समाजका विविधतामा रमाइरहेका हुन्छौँ । समुदायमा रहेका भाषा, संस्कृति, रहनसहन, चालचलन, खानपिन, संस्कार तथा संस्कृतिको एक आपसमा सम्मान र कदर गर्दछौँ । पुर्खाले आर्जन गरेका मौलिकतालाई ग्रहण गर्नु, अवलम्बन गर्नु, भावी पुस्तासम्म हस्तान्तरण गर्नु हामी सबैको परम कर्तव्य हुन्छ ।

हामीमा असल बानी, सद्चरित्र, सहनशीलता, सत्कर्मको भावनाको सधैँ विकास हुनु आवश्यक छ । मानिसले धार्मिक सहिष्णुता, सच्चा प्रेम जस्ता कर्मलाई अवलम्बन गरेपछि सुन्दर समाजको निर्माण हुन्छ । सुन्दर समाजमा शान्ति कायम हुन्छ । मानवीय स्वभाव विकासप्रेमी र सिर्जनशील हुन्छ । शान्ति र अहिंसा जस्ता वातावरणले विश्वलाई नै नवीन उर्जा  दिइरहेको हुन्छ । विश्वका सबै क्षेत्रमा मेलमिलापको भावना बढ्न जान्छ । संसारमा



बस्ने सबै प्राणीले सुखद् अनुभूति गर्न पाउँछन् । सबैतिर सुव्यवस्थित बसोबास, आकर्षक शहरीकरण, वातावरणमैत्री औद्योगिकीकरण, स्वस्थकर जीवनशैली भएमा गरिबी, अशिक्षा, बेरोजगारी, भोकमारी, युद्ध, प्राकृतिक प्रकोप न्यूनीकरण हुँदै जान्छ । समाज विकासको पथमा अगाडि बढिरहन्छ । संसारमा प्राकृतिक सुन्दरता तथा मानवीय एकता देखिन्छ । हिमाल सधैँ सेतो नै रहन्छ , स्थलगत र जलचर प्राणीहरू सहज वातावरणमा रमाउन पाउँछन् ।

## अभ्यास

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) मानिसको स्वभावलाई प्रभाव पार्ने प्रमुख तत्व के हो ?

(ख) हामी सबैको परम कर्तव्य के हो ?

(ग) सुन्दर समाजको निर्माण कसरी हुन्छ ?

(घ) विश्वलाई नवीन उर्जा दिने माध्यम के हो ?

(ङ) समाजलाई विकासको पथमा अगाडि बढाउन के के चाहिन्छ ?

### २. खाली ठाउँ भर्नुहोस् :

(क) मानिसको आचरणको फरकपन नै ..................................हो ।

(ख) हामी समुदाय र समाजका ........................मा रमाइरहेका हुन्छौँ ।

(ग) मानवीय स्वभाव विकासप्रेमी र ...................................... हुन्छ ।

(घ) संसारमा प्राकृतिक सुन्दरता र ............................. एकता देखिन्छ ।

# पाठ २ : आत्मानुशासन

अनुशासन मानिसको गहना हो । अनुशासनले मानिसको प्रगति र समृद्धिको निर्धारण गर्दछ । जब मानिसमा आत्मानुशासनको भावना पैदा भई कामप्रति लक्षित हुन्छ, तब उसमा सकारात्मक सोचको विकास हुन्छ ।



मानिसको दैनिकी नियमित हुनु आत्मानुशासनको सङ्केत हो । आत्मानुशासनका पक्षहरू बिहान चाँडै उठनु, योग, ध्यान गर्नु, स्वच्छ र ताजा खानेकुराको सेवन गर्नु हो । सबैमा समानताको भावना राख्नु र व्यवहार गर्नु पनि आत्मानुशासन हो । तोकिएका काम सफलतापूर्वक गर्नु, दिनभरिको कामको स्मरण गर्नु, भोलिको कामको योजना तयार गर्नु र समयमै आराम गर्नु पनि आत्मानुशासन हो । आत्मानुशासनलाई सबैले पालना गर्ने हो भने व्यक्ति, परिवार र समाजको समुन्नति हुन सजिलो हुन्छ ।



विद्यार्थीहरूले पालना गर्नुपर्ने आत्मानुशासन बिहान चाँडै उठ्नु, योग, ध्यान गर्नु, स्वच्छ र ताजा खानेकुराको सेवन गर्नु, सरसफाइमा ध्यान दिनु हो । साथै गृहकार्य गर्नु, पढ्नु, नजानेको कुरा टिपोट गरेर शिक्षकलाई सोध्नु, आफूले जानेको विषय नजानेका साथीलाई सिकाउनु र जान्नेसँग सिक्नु पनि हो । विद्यार्थी समयमै विद्यालय जानु, सबै साथीहरूसँग मिलेर बस्नु, कक्षाकार्यमा सक्रिय हुनु तथा परीक्षामा हल्ला नगर्नु पनि आत्मानुशासनमा पर्दछ । हामीले असल साथीको सङ्गत गर्नु, समस्यामा परेकालाई सक्ने सहयोग गर्नु, मिठो बोल्नु पर्दछ । समयमै घर फर्कनु, अभिभावकलाई आफूले सक्ने घरायसी काम सघाउनु, नियमित रूपमा समयमै सुत्नु, पढाइलाई सहयोग गर्ने बाहेक मोबाइल फोन नचलाउनु, अभिभावक र शिक्षकका सल्लाहको पालना गर्नु सबै आत्मानुशासन हुन् ।

## अभ्यास

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) मानिसको प्रमुख गहना के हो ?

(ख) व्यक्ति, परिवार र समाजको समुन्नति हुने उपायहरू के के छन् ?

(ग) विद्यार्थीमा हुनुपर्ने गुणहरू के के हुन् ?

(घ) तपाईंले नजानेको विषयलाई कसरी समाधान गर्नुहुन्छ ?

### २. खाली ठाउँ भर्नुहोस् :

(क) अनुशासनले मानिसको प्रगति ........................... निर्धारण गर्दछ ।

(ख) मानिसको ........................... आत्मानुशासनको सङ्केत हो ।

(ग) विद्यार्थीहरूको आत्मानुशासन बिहान चाँडै उठ्नु, ...........गृहकार्य गर्नु पनि हो ।

(घ) आत्मानुशासनले मानिसमा सकारात्मक..............विकास हुन्छ ।

### परियोजना कार्य :

तपाईंको बिहानदेखि बेलुकासम्मको एक दिनको दैनिकी लेख्नुहोस् ।